साप्ताहिक

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४२ अंक ४१ २०८१ जेठ १५ मंगलबार (May 28, 2024) मूल्य रू. १०/-


## पहाडमा नूनको, सहरमा सत्ता संघर्ष

बाजुराजस्ता पहाडका लोक नूनका लागि संघर्ष गरिरहेका छन्, लोकप्रतिनिधि सत्ता संघर्षमा ज्यान फालेर लागेका छन् । यस्ता प्रतिनिधिलाई मानवाधिकार के, जनताप्रतिको जवाफदेहीता के ?

सून देख्नेहरूले नूनको हाहाकार नदेख्ने रहेछन् । लोकतन्त्रको १८ वर्षपछि पनि नागरिकता बोकेर, सिफारिस गराएर, रातरातभरि लाइन बसेर नून किन्न पाइन्छ कि भनेर लामलाग्ने जनताले विकास, शान्ति र समृद्धि अबको कतिवर्षपछि देख्न पाउलान् ?



## किमाथांकासहित चीनका नाका खुले

२०८१ जेठ १२ गतेदेखि संखुवासभाका किमाथांकासहितका चीनसँग जोडिएका १४ नाका खुलेका छन् । ०७६ माघ ५ गतेदेखि कोरोनाका कारणले चीनले विभिन्न नाका बन्द गरेको थियो । बेलाबेलामा एकाध नाका खोल्ने र बन्द गर्ने गरेको थियो ।



गत शनिवार परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र चीनको तिब्बत क्षेत्रका उपाध्यक्ष सलाम निमाले चीनको छेन्ताङमा एक कार्यक्रम आयोजना गरेर १४ वटै नाका पुन: खुलाइएको सार्वजनिक गरियो । मन्त्रीले परम्परागत नाका औपचारिक रूपमा खुला भएको बताए । यी नाका खुलाउन सरकारले ठूलै कूटनीतिक प्रयास गरेको थियो ।

संखुवासभाको किमाथांका नाका खोलिएपछि भोटखोलावासी उत्साहित भएका छन् । विगतमा यहाँका बासिन्दाले चिनियाँ बजारबाट खाद्यान्न आयात गर्दै आएका थिए । तर, नाका बन्द गरिएपछि उनीहरूले समस्या भोग्दै आएका थिए ।

तिब्बत प्रशासनले भोटखोलावासीलाई तिब्बत प्रवेश गर्न अनुमतिपत्र वितरण गरेको छ । शनिबारदेखि दार्चुला, डोल्पा, मुस्ताङ, गोरखा, दोलखा, ताप्लेजुङ र संखुवासभाको किमाथांकाका नाका खुलेका छन्, अरू नाका छिटै खुल्नेछन् ।

## बधाई छ फुञ्जो



गोर्खाकी फुञ्जो लामाले जेठ १० गते १५ घण्टाभन्दा कम समयमा सगरमाथा आरोहण गरेर कीर्ति राखेकोमा बधाई छ । उनले २४ घण्टा २४ मिनेटमा आधार शिविरबाट चुचुरोमा पुग्न र त्यहाँबाट आधार शिविरमा ओर्लेर कीर्तिमान कायम राख्न सफल भएकी हुन् । यसअघि सन् २०२१ मा हङ्कङकी स्याङ यिन हङले २५ घण्टा ५० मिनेटमा शिखरमा पुगेर फर्केको रेकर्ड छ ।

## महिलाको बाँझोपन हटाउने डाक्टर




चर्चित बाँझोपन विज्ञ, टेष्टट्यूव बेबी विशेषज्ञ, गाइनो ल्याप्रस्कोपिक सर्जन डा. नुतन शर्मा नर्भिकमा हुन् कि बी एण्ड बीमा । उनले महिलाको बाँझोपन हटाउन अत्याधुनिक आईभिएफ प्रविधि सुरू गरेकी छिन् ।

बाँझोपनमा रहेका महिलाहरूले डा. नुतन शर्मासँग बि एण्ड बी अस्पतालमा आइतबारदेखि शुक्रबारसम्मबिहान १० बजेदेखि साँझ ५ बजेसम्म भेटेर सेवा लिन सक्नेछन् । उनले दिने बाँझोपन हटाउने सवालाई विश्वस्तरीय आधुनिक सेवा मानिएको छ । डा. नुतन शर्मा भन्छिन्- विश्वस्तरीय आईभिएफ ट्रेनिङ इन्स्टिच्यूट समेत सञ्चालन गरिने छ । 'त्यस्तो इन्स्टिच्यूटमा युवा चिकित्सक, प्यारामेडिक्स र मेडिक्सहरूलाई बेसिक र एड्भान्स ट्रेनिङको व्यवस्थासमेत गरिने छ ।

नेपालमा बाँझोपनको समस्या बढ्दै गएको छ, यस्तो समस्या हटाउन नेपालीहरूले भारतका विभिन्न सहरमा गएर महगो सेवा लिइरहेका छन् । अब नेपालमै यस प्रकारको अत्याधुनिक सेवा हुनुले बाँझोपन रहेका महिलाहरू लाभान्वित हुनेछन् ।




# बिकास- ४० अर्ब बाल्वामा पानी

काठमाडौं । पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमान स्थल बन्यो, केही चार्टर र एकाध उडानपछि दुबै एयरपोर्ट सेतो हात्ती बनेको छ । दुबै एयरपोर्टले ऋणको ब्याज त परैको कुरा, बिजुली, पानीको खर्च समेत उठाउन सकेन ।

पोखरा विमानस्थल चीनको एक्जिम बैंकको ऋणमा बनेको हो, चीनले बीआरआई अन्तर्गत भनेर घोषणा गरिदियो, नेपालले केही जवाफ दिएन । नेपालले अनुदानमा परिणत गर्न भन्दा चीनले मानेको छैन । उडान र पर्यटक पठाउने आशा देखायो, आशाअनुसार उडान र पर्यटक दुबै आएका छैनन् ।

भैरहवा एयरपोर्ट : ४० अर्ब खर्चेको भैरहवा विमानस्थल अलपत्र अवस्थामा छ । बिजुली र पानीको खर्च उठ्न नसकेपछि अवस्था चिन्ताजनक छ ।

पोखरा पर्यटनका लागि हब बन्नसक्थ्यो, भैरहवा गौतमबुद्धका नामले बुद्धमार्गीका लागि तीर्थस्थल हुनसक्थ्यो, नेपालले ती दुबै सम्भाबनामा काम गर्न सकेन । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २ जेठ २०७९ मा भैरहवा विमानस्थल उद्घाटन भयो भने गतवर्षको जनवरीमा पोखरा विमानस्थल प्रम प्रचण्डले उद्घाटन गरेका थिए । यी अपार सम्भाबना बोकेका विमानस्थल अन्तर्राष्ट्रिय उडानबिहीन रहेपछि सन्नाटा छाएजस्तो दयनीय अवस्थामा छन् ।

कुबेतको जजिरा, नेपाल एयर, हिमालयन एयर, चीनका एकाध विमानले परीक्षणजस्तो उडान गरे पनि नियमित उडान नहुँदा विमानस्थल पालेर राख्नुपर्ने अवस्थामा पुगेको हो । राजधानीको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल साँघुरो भएको, विशेष अवस्थामा जहाज होल्ड गर्नुपर्ने, रोक्नुपर्ने समस्या समाधान गर्दै पर्यटन विकासको फड्को मार्न यी दुई अन्तर्राष्ट्रिय विमानस्थल बनेका हुन् । विमानस्थल निर्माण अघि नै भारतसँग कूटनीतिक प्रयासबाट सहमति लिएको भए विमानस्थल नै अप्ठेरोमा पर्ने थिएन । भारत भएर जहाज अवतरण र उडान गर्नुपर्ने अवस्था छ, भारतले अनुमति नदिंदा समस्या झन बल्झेको छ ।

विमानस्थल चालु भएपछि पर्यटकको धुइरो लाग्नेछ भनेर निजी क्षेत्रले दुबै क्षेत्रमा पर्यटन पूर्वाधार निर्माणका लागि व्यापक लगानी गरेका छन् । त्यो लगानीसमेत जोखिममा परेको छ ।

आन्तरिक र नेपाल एयरको हप्ताको एउटा उडानले विमानस्थलले खर्च धान्नसक्ने अवस्था छैन । सन्नाटा छाएको अन्तर्राष्ट्रिय विमानस्थल तमासा बन्नपुगेको छ । नागरिक उड्डयन प्राधिकरणका अनुसार थुप्रै विदेशी एयरलाइन्सले चासो दिएका छन्, तर उडान अनुमति र उडान तालिकामा सकृयता देखाएका छैनन्, अर्थात्




सम्भाबना छ, समस्या धेरै भएकाले समस्या समाधानका लागि नेपाल सरकार नै उदासिन रहेको संकेत तिनले गरेका छन् । यो अवस्थामा पर्यटन मन्त्रालयले विज्ञहरूसँग छलफल गरेर निर्माण भएका संरचनाको प्रयोग कसरी बढाउने, चलायमान गराउने भनेर विशेष चासो राख्न ढिला भइसकेको छ ।

कतिपय एयरलाइन्र्स आकर्षित गर्न सरकारले ल्यान्डिङ, पार्किङ, नेभिगेसन, सुरक्षा, ग्राउण्ड हैण्डलिङ शुल्कमा छुटको व्यवस्था गर्दासमेत एयरलाइन्सले भैरहवा र पोखरालाई महत्व दिएका छैनन्, कसरी आकर्षित गर्ने यसबारेमा नेपालको सोच र योजना पनि देखिदैन ।

यी दुबै विमानस्थल बनिसक्यो, चलायमान गराउन के कस्ता सुधारको खाँचो हो, तत्काल सुधार्न जरूरी छ । मुख्य सवाल भारतले दिने रूट परमिट हो, जसका लागि प्रधानमन्त्रीले भारत भ्रमण गर्दासमेत प्राप्त भएन । अहिले त भारतसँग सयको नोटमा चुच्चेनक्सा छाप्ने विषयमा बाझाबाझको अवस्था छ । नेपालको कूटनीतिक क्षमता नहुँदा भारतलाई बुझाउन क्षमता देखिदैन ।

नेपालसँग अन्तर्राष्ट्रिय उडानका लागि बाराको सिमरा हुँदै प्रवेशमार्गमात्र छ । भारत सकारात्मक नभएसम्म नेपालका भैरहवा र पोखरा विमानस्थल चल्न सक्दैनन् भन्छन् विज्ञहरू । राजधानीका ट्राभल एजेन्सी पनि बाधाका रूपमा रहेको क्यानले बताएको छ । नेपालका विमानस्थल हातपार्न दक्षिणले पासो थापेको छ, त्यसैमा पर्ने त ?

## नक्सा नेपालको, धम्की भारतको




काठमाडौं । नेपालले आफ्नो भूमि आफ्नो भन्न नपाउने भयो । चुच्चे नक्सा नेपालको, नेपाली सयको नोटमा यो नक्सा छाप्ने सरकारको निर्णय भएपछि भारतले नेपाललाई धम्क्याएको छ ।

भारतका विदेशमन्त्री एस जयशंकरले धमास दिएका छन्- स्थापित संयन्त्रमा कुरा भएन, नेपालले एकपक्षीय निर्णय गरेको छ, जुन भारतलाई मान्य छैन । नेपालसँग कूटनीतिक छलफल हुँदै आएको छ, नेपालले हतार गऱ्यो । नेपालले जे सुकै निर्णय गरे पनि नेपाल र भारतवीचको भूअवस्था र भूगोलको यथार्थता परिवर्तन हुँदैन । नेपालले एकपक्षीय निर्णय गरेर ठूलै भूल गरेको उनको दावी छ ।

स्मरणीय छ, २०७२ असोज ३ गते नेपालले संविधान जारी गर्नेबेलामा यी विदेश सचिव थिए । नेपाल आएर तत्काल संविधान जारी नगर्न दबाब दिएका थिए, तर नेपालले संविधान जारी गऱ्यो । त्यसपछि भारतले स्वागत गरेन ।

नेपालको संसदले २०७७ जेठ ७ गते चुच्चे नक्सालाई नेपालको संविधानमा समावेश गर्ने निर्णय गरेको थियो । त्यो निर्णयपछि भारत नेपालसँग झन झन टेढिदै गएको थियो । भारतले यो घटनालाई 'आर्टिफिसियल इनलार्जमेन्ट' भन्यो ।

यसपछि भारतले २०७६ कार्तिक १६ गते अकस्मात नेपालको लिपुलेक-कालापानी-लिम्पियाधुराको नेपाली भूमि भारतको नक्सामा गाभेर विश्वनक्साका रूपमा सार्वजनिक गरिदियो । यस विषयमा नेपालले ५ पल्ट कूटनीतिक नोट पठायो, भारतले कुनै रेस्पोन्स गर्न चाहेन ।

नेपाल भारतवीच रहेका संयन्त्रले कामै गर्न सकेको छैन । भारत आफैले सकृय भएर गठन गरेको प्रवुद्ध बर्गको रिपोर्टसमेत बुझ्न मानेन । प्रम प्रचण्ड भारत गएका बेलामा सीमाका विषयमा एजेण्डा नै नराख्न दबाब दियो । भारतले प्रष्टै भनेको छ- अतिक्रमण गरेको ३ सय ७२ वर्गकिलोमिटर भूभाग हामी छाड्दैनौं । जयशंकर नेपाल आउँदा पनि कुरा गर्न चाहेनन् । नेपाल किन मौन ?

## सञ्चारको शक्तिले देश विदेश हल्लियो







कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाको नागरिकता प्रकरण मिडियामाथि सरकारको हस्तक्षेपका रूपमा विश्लेषण भइरहेको छ । उनी कति शक्तिशाली रहेछन् भन्ने सवालमा नेपालका आम मिडिया, मिडियाकर्मीमात्र होइन, राजनीतिक नेता र एमनेष्टी इन्टरनेशनलकी महासचि आग्नेस कालामार समेत नेपाल आएर प्रधानमन्त्रीलाई प्रश्न गरेकी छिन्- कैलाशलाई किन पक्राउ गरियो, किन थुनियो ? सवाल कानुनको छ, प्रहरी छानबिनको छ । तर भाष्य निर्माण भएको छ, गृहमन्त्री रवि लामिछानेको राजनीतिक प्रतिषोध र सरकारको प्रेस स्वतन्त्रतामाथिको हमला । चियामा चिनी घोलिएझैं कानुनमा राजनीति घोलिएको अवस्थामा टीभी, रेडियो, पत्रिकाजस्ता सञ्चार मालिक कैलाश सिरोहिया बदनाम हुनपुगे ।

# बुद्ध जयन्ती, गोरखनाथ जयन्ती

२५६८ औं बुद्ध जयन्ती, गोरखनाथ जयन्ती, शान्तिप्रिय श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार स्वयम्बाट राखिबक्सेको शान्ति क्षेत्र नेपालको प्रस्तावलाई ११६ राष्ट्रहरूबाट समर्थन भएपनि अधिनायकवादले रोक्यो ! यही विषयमा प्रवचन एउटा गम्भीर कार्यक्रम माईतिघर चोकमा सम्पन्न भएको छ ।

महेन्द्र जंग शाहको प्रमुख आतिथ्यमा, होम बहादुर थापाको सभापतित्वमा नेपाली एकता समाज, नेपालको संयोजक अम्बर ब. निरौला, माया पाण्डे, विष्णु भक्त तण्डुकार, नर ब. मल्ल, माता अम्बिका नेपाल, युवा व्यक्तित्व हरि लाल गिरी, विष्णु सिं डंगोल, राष्ट्रप्रेमी अभियन्ता गजेन्द्र ढकाल आदीले समसामयिक विषयहरूमा साथै भगवान बुद्ध, राजा वीरेन्द्र र आधुनिक नेपालका बुद्धको रूपमा स्थापित राजा ज्ञानेन्द्रको भूमिकाको बारेमा प्रकाश पारिएको थियो ।

यसै गरी



ओझेलमा परेको शहीद चिनियाँलाल सिंह तथा समाजसेवी उषा सिंह प्रतिष्ठान कोपुण्डोलले वरिष्ठ समाज सेवी उषा सिंहको नवौं स्मृतिमा उषा भवन कोपुण्डोलमा स्मृती सभा सम्पन्न गरेको छ । प्रमुख अतिथि सिपी मैनालीले ६ प्रकारको दुष्प्रयत्न राष्ट्रमा भैराखेको छ भन्नुभयो । यस प्रतिष्ठानले देशभक्तहरूलाई गोलवद्ध गर्नु पर्छ । १९९३ सालमा शैक्षिक शहीद चिनियाँलाल सिंहले अन्धकार राणा शासनको समयमा दरबार स्कूलको प्रतिस्पर्धामा आफ्नै घर खिलं बाङ्गे मुढा र भेडासिङ्गको विचमा महाविर इन्ष्टिच्यूट नाम शैक्षिक संस्था स्थापना गरी शैक्षिक क्रान्ति विना राजनीतिक क्रान्ति नहुने चेत भएका शहीद चिनियाँलालको योगदान बारे वहाँले शहीदहरूले देखाएको वाटोमा हिंड्न जरूरी छ भन्नुभयो ।

विशिष्ट अतिथि सिमावीद वृद्धि नारायण श्रेष्ठले शहीद गंगालाल श्रेष्ठलाई पक्रेकै दिन शहीद चिनियाँलाल सिंहलाई पनि पक्रेको थियो भनेर बताए । महासचिव प्रा.डा. यादव प्र. ढुंगानाले स्वागत मन्तव्य राख्दै प्रत्येक वर्ष शहीद स्मारिका मार्फत देश र जनताको विषयमा गरेका गतिविधी सार्वजनिक गर्दै आएको प्रष्ट पारे ।

सभापतित्व ग्रहण गर्नु हुने प्रा. रामकुमार पाण्डेले नेपाली जनतालाई गरीब तुल्याउँदै छ, देशलाई चिन्न नसक्नेहरूले देश चलाइ राखेको छ। म राजावादी होइन तर नेपालमा राजा चाहिन्छ । बुद्ध धर्म र हिन्दू धर्मको कारण धार्मिक पर्यटक मात्र भित्र्याउन सकेमा नेपाल सम्पन्न हुन सक्छ भन्नुभयो । नेपालको पहिलो शहीद अछामका बाँकावीर भएको बताउँदै जङ्ग बहादुर प्र.म. भएको ३ वर्षमा नै पँधेरामा नुहाउन लाग्दा काटिएको टाउको आलो रगत सहित काठमाण्डौ ल्याइएको थियो जुन क्रुरताको वर्णन बाँकावीर नाटकमा छ भन्दै वादको पछि नलाग्ने हो भने नेपाललाई निर्माण गर्न समय लाग्ने छैन भनेर उत्साह छर्नुभयो ।

यही कार्यक्रममा प्रमुख अतिथि सिपी मैनाली, प्रा. रामकुमार पाण्डे, वृद्धि नारायण श्रेष्ठ, इतिहासकार श्रीराम उपाध्याय, वरिष्ठ अधिवक्ता जुक्तिजंग लामिछानेले संयुक्त रूपमा शहीद स्मारीका विमोचन गरेका थिए ।

धन्यवाद मन्तव्य दिंदै प्रतिष्ठानका सचिव शंकर मघैयाले पहिलो शहीद बाँकावीर र पछिल्लो शहीद मञ्जुर वर्ल्डद्वारा स्थापित राष्ट्रिय समाज सुधार संस्थाको दोश्रो महाधिवेशनको क्रममा अछाम देखि सर्लाहीसम्म ११ जिल्लामा शहीद चिनियाँलालको योगदान बारे प्रकाश पारेको बारे जानकारी दिंदै यस कठिन कार्यक्रममा माइतीघर मण्डलामा धर्नारत माया पाण्डेले साथ दिएकी थिइन् ।

नेपालमा नेपाली भएर बाँच्न पाउँ भन्दै सरस्वती पन्तले नेपालको भू-भाग चुच्चे नक्सा अंकित मायाको चिनो उपस्थित अतिथिलाई दिएकी थिइन् ।



# पहिले जनता बचाउ

**अधिवक्ता गंगा दहाल–**

अहिले नेपालका आम नागरिकहरू जीवन र मरणको दोसाँधमा छन् । आमनागरिक मृत्युसँग जुधिरहेछन्, राज्यसँग जीवनको भिख मागिरहेका छन् । अस्पतालमा बिरामीहरूले बेड नपाएर अस्पतालको परिसरभित्र, खुलाचौरमा बस्न बाध्य छन् । धेरैजसो बिरामीहरू अक्सिजन नपाएर तड्पी तड्पी मर्नुपरेको कारूणिक अवस्था छ । उनीहरूको बाँच्न पाउने नैसर्गिक अधिकार हनन् भैरहेको छ ।

यस्तो भयावहको विषम परिस्थितिमा दल, दलका नेता कार्यकर्ताहरू सबै एकजुट भएर महामारीसँग लड्नुपर्ने बेला हो तर राजनीतिले अर्कै मोड लिएको छ । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने जस्तो भएको छ । राजनैतिक परिवेश फेरि बदलिएको छ । प्रतिनिधि सभा फेरि दोस्रो पटक विघटन भएको छ । मध्यावधि निर्वाचनको घोषणा पनि भैसकेको अवस्था छ ।

अब मुलुकको राजनैतिक परिवेश कतातिर मोडिन्छ ? अबका दिनहरूमा फेरि के हुन्छ ? यिनै बिषयमा चर्चा परि चर्चा भैरहेका छन् । चारैतिर । विभिन्न संघ संस्था कानुनबिद, नागरिकहरूले प्रतिनिधिसभा विघटन असंवैधानिक भएको भनी विभिन्न खाले तर्क गरिरहेका छन् । बिरोध गरिरहेका छन् । यस्तो अवस्थामा मुलुकको राजनीति अब के हुने हो ? एकातिर चिन्ताको बिषय पनि छ । अबका दिनमा के हुन्छ ? कसैले आँकलन गर्न नसकिने अवस्थाको सृजना भएको छ । यदि दलहरू चुनावमा नजाने भए भने चुनाव होला र ? यदि चुनाव भै हाले पनि जनतालाई कोरोनाले आक्रान्त थिलथिलो पारेको अवस्थामा घर घरमा रूवाबासी चलेको अवस्थामा जनताले भोट हाल्न जाने सहज वातावरण बन्ला कि नबन्ला ? खै कस्ले बुझ्छ ?? यतातिर ध्यान जानुपर्छ कि पर्दैन ?

हिजो जनताले दलहरूलाई उच्च बिन्दुमा पुऱ्याएका थिए । नेता बनाएका थिए । आज तिनै जनताले सास्ती भोग्नु परेको छ । अक्सिजन नपाएर मर्नुपरेको पीडा तिन्का परिवार जनहरूले सहजै बिर्सिन सक्छन् ? भोट माग्न कुन अनुहार लिएर जनताको घर दैलोमा जानू ? यावत कुराहरू सोच्नै पर्ने हुन्छ ।

यतिबेला त दल र नेताले जनताको चोटमा मलम लगाउने बेला हो । उनीहरूलाई साथ सहयोग गर्ने बेला हो । कोरोना संक्रमितले सहज उपचार पाए नपाएको हेर्ने बेला हो । लक डाउनको मारमा परेका रोजगारी गुमाएका जनता प्रति ध्यान जानुपर्ने बेला हो । लोकसमस्यातिर लोक नेताका ध्यान गएको छैन ।

जनतालाई कसरी बचाउन सकिन्छ ? त्यतातिर लाग्नु पर्ने बेलामा नेताहरू सत्ताको झगडामा लागेका छन् । यो बेला सरकार न प्रतिपक्ष सबैको दायित्व भनेको आफना नागरिक बचाउनु हो न कि कुर्सी बचाउनु शक्ति प्रदर्शन गर्नु ।

# बालेनको अराजकतामा पुष्पकमलको रमिता




**डा. केशव देवकोटा**

नेपालमा पछिल्लो समयमा धेरै राजधानी भएपनि देशकै राजधानी काठमाडौंको महानगरपालिकाका प्रमुख बालेन साहले हालै केन्द्र सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्रि रघुवीर महासेठलाई हरेक दिन एक ट्रक धुलो पठाउनेभन्दै स्टाटस लेख्नुभएको छ । त्यसो त उहाँले यसअघि माओवादी केन्द्रको केन्द्रिय कार्यालय कोटेश्वरमा फोहर फाल्न पठाएका चारवटा ट्रकलाई प्रहरीले पक्राउ गरेको समाचार बाहिर आएको थियो । काठमाडौं महानगरले देशको प्रशासनिक केन्द्र सिंहदरबार र प्रम निवास बालुवाटारमा १८ दिनसम्म फोहर थुपारेको र कुनै दिन बालेन साहले सिंह दरबारमै आगो लगाइदिनु भनेका कुराहरू पनि रहेका छन् । खासमा उपरोक्त सबै घटनाहरू अराजक र सामाजिक दृष्टिले निन्दनीय हुन् । तर केन्द्र र बागमति प्रदेश सरकार कसैले पनि बालेन साहको अराजकतालाई नियन्त्रणगर्नेसम्म पनि प्रयास गरेनन् । देशका कार्यकारी प्रमुख पुष्पकमल दाहालले यस्तो अराजकताको रमिता हेरेको देखेर सबैतिर आश्चर्य ब्यक्त भैरहेको छ । देशमा 'जति अराजकता मच्चियो त्यति आनन्द मनाउने' शासक भएपछि अब यस्ता घटनामा बढोत्तरी हुने कुरामा कुनै शंका छैन । राज्यका कुनैपनि ऐन कानून र सामाजिक मान मर्यादा केही पनि नमान्ने र आफूलानई जे मनलाग्छ त्यहीगर्न चाहाने बिचारलाई अराजकतावाद भनिन्छ । यो अवधारणा कुनैपनि सरकारी, व्यापारिक, औद्योगिक, वाणिज्यिय, धार्मिक, शैक्षिक वा पारिवारिक क्षेत्रमा राम्रो मानिदैन । सामान्यतया अराजकताभन्ने बित्तिकै अव्यवस्थाको स्थिति, अनुशासन नभएको अवस्था, कुनैपनि नियम तथा कानूनले थेग्न नसकेको अवस्था, एबं उच्छृंखल र विद्रोहको अवस्थाभन्ने बुझिन्छ । समाजमा अशान्ती मच्चाउने, नियम तथा कानूनको ध्वज्जी उडाउने, शान्ती र सुव्यवस्थामाथी खलल पुऱ्याउन चाहानेहरूलेमात्र अराजक गतिबिधि गर्दछन् । विद्रोहको अवस्था सिर्जनागर्न खोज्ने मानिस तथा मानिसहरूको समूहलाई अराजकभन्ने गरिन्छ । राजनीति शास्त्रले अराजकतावादको अर्थ राज्यहीन अवस्थालाई मान्दछ । नेपाल बाहेक संसारका कुनै पनि देशले सरकारी कुर्सीमा बसेर दिउँसै यस्तो अराजकता मच्चाउनुलाई क्षम्य गर्दैनन् । सामाजिक मर्यादाविपरीत कामगर्नेलाई तत्काल पक्राउ गरेर सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्धा चलाइएका अनेक उदाहारणाहरू रहेका छन् । तर नेपालमाभने सानालाई ऐन र ठूलालाई चैनको नीति भएकाले ठूला बडाले जे बोले पनि जे गरेपनि कुनै कारवाही हुनेगरेको छैन । बालेन साहकैजस्तो गतिबिधि कुनै सर्बसाधारणले गरेको भए उसलाई तत्काल पक्राउ गरेर कम्तिमा पनि १८ महिना जेल हालिएको हुन्थ्यो । बालेनले गत १२ गते शनिबार बर्तमान सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्रि रघुवीर महासेठलाई हरेकदिन एकट्रक धुलो पठाउने भन्दै सामाजिक सञ्जालमा स्टाटर लेल्नुभएको थियो । अर्को दिन मन्त्रालयको गेटमा फोहर थुपारिएका दृश्यहरू पनि सञ्चार माध्यममा आए । काठमाडौंको कलंकीदेखि महानगरको सडक निर्माण अलपत्र पारेकोभन्दै र महानगरले अनाहकमा गाली खाएको उल्लेखगर्दै मन्त्रि महासेठलाई हरेकदिन एकट्रक धुलो पठाउने बालेनको उद्घोष रहेको पाइन्छ । त्यसैगरी गत सातगते प्रधानमन्त्रि दाहाल अध्यक्ष रहेको पार्टी माओवादी केन्द्रको केन्द्रिय कार्यालय कोटेश्वरमा फोहोर फाल्न महानगरबाट पठाइएका चारवटा ट्रक र त्यसका चालकलाई प्रहरीले पक्राउ गरेको थियो । फोहोर बोक्ने गाडीका चालकलाई पक्राउ गरिएकोभन्दै मेयर बालेनले सामाजिक सञ्जालमा आक्रोशितहुँदै स्ट्याटस लेखेको देखिन्थ्यो । त्यसलगत्तै जिल्ला प्रहरी परिसर काठमाडौंले पक्राउपरेका चालक र ट्रकलाई बिना कारवाही महानगरको जिम्मा लगाएको थियो ।

त्यसअघि ०७९ चैत २८ गते काठमाडौं महानगरले देशको मुख्य प्रशासनिक केन्द्र सिंहदरबार, प्रधानमन्त्रि निवास बालुवाटार र राष्ट्रपतिको सरकारी निवास तथा कार्यालय शीतल निवासको फोहोर नउठाउने घोषणा गरेको थियो । त्यतिबेला बसेको मन्त्रिपरिषद्को बैठकले फोहर नउठाउने महानगर प्रमुखको अभिव्यक्तिलाई गम्भीरतापूर्वक लिएको भनिएको थियो । सरकारकी प्रबक्ता रेखा शर्माले काठमाडौं नगरको फोहोर काठमाडौं महानगरपालिकाले उठाउने नीतिगत व्यवस्था विपरीत महानगर प्रमुखबाट अभिव्यक्ति सार्वजनिक भएकोमा गम्भिरतापूर्वक लिने र आवश्यक पहल अघिबढाउने निर्णय भएको बताउनु भएको थियो । तर उक्त फोहर १८ दिनसम्म रहँदा पनि केन्द्र सरकारले केही पनि गर्नसकेन । अन्तत ०८० बैशाख ११ गते काठमाडौं महानगरपालिकाले नै उक्त फोहर उठाएको देखिएको थियो । जसका लागि सर्वोच्च अदालले तीन दिनभित्र सबै फोहोर व्यवस्थापनगर्न काठमाडौं महानगरलाई आदेश जारी गर्नुपरेको थियो । एकजना कानून ब्यवसायी अधिवक्ता पदमबहादुर श्रेष्ठले दायर गरेको रिटमाथि सुनुवाइगर्दै सर्वोच्च अदालतले उक्त आदेश गरेको थियो । बालेनले त्यतिबेला जनताकै हितका लागि कामगर्दा केन्द्र सरकारले आफूलाई पटक, पटक असहयोग गरेको आरोप लगाउँदै ०७९ चैत २५ गते सामाजिक सञ्जालमार्फत फोहोर नउठाउने घोषणा गर्नुभएको थियो । त्यतिबेला मुख्य प्रशासनिक केन्द्र सिंहदरबारमा ७० टन, राष्ट्रपति कार्यालयमा ३५ र बालुवाटारमा १५ टन फोहोर जम्माभएको कामपालेनै आंकलन गरेका कुराहरू पनि बाहिर आएका थिए । त्यसैगरी ०८० को भदौ १६ गते शनिबार बालेनले सिंहदरबारमा आगो लगाइदिने चेतावनी दिनुभएको थियो । उहाँले सामाजिक सञ्जालमा पुष्पकमल नेतृत्वको सरकारलाई 'चोर सरकार' समेत भनेका समाचारहरू बाहिर आएका थिए । त्यतिबेला बालेनलाई धेरैले गैरजिम्मेवार र पदीय सीमा नाघेर अक्षम्य भाषाको प्रयोग गरेको टिप्पणीगरेका थिए । तर सिंहदरबारको मुख्य कुर्सीमा रहेका प्रधानमन्त्रि दाहालले त्यसप्रति खासै ध्यान नदिएको देखिएको थियो । कार्यालय समय बाहिर श्रीमती चढेको सेतो नम्बर प्लेटको सरकारी गाडीमा चेकजाँच भएपछि बालेनले फेसबुकबाट उक्त अराजक स्टाटस पोष्ट गरेको देखिएको थियो । कुनै पदमा रहेका ब्यक्तिका परिवारका सदस्यले निजी कामका लागि त्यो पनि बिदाको दिन सरकारी गाडि प्रयोग गरेकोतर्फ त्यतिबेला खासै ध्यान दिइएन । उक्त गाडी ललितपुरको बालकुमारी क्षेत्रबाट कोटेश्वर पुग्दा ट्राफिक चेकिङमा परेको थियो । जहाँ हरेक दिन हज्जारौं गाडीहरू अद्यापि चेक जाँचमा परिरहेका छन् । जसमा बिभिन्न सरकारी कार्यालयका हाकिम र मन्त्रिहरूकासमेत रहने गरेका छन् । तर अरू कोही कसैले पनि सिंहदरबारमा आगो लगाउने अभिब्यक्ति दिएका छैनन् । सर्बसाधारणले त्यस्तो अभिब्यक्ति दिएको भए, उसको हबिगत के हुन्थ्योभन्ने आफैमा स्पष्ट छ । सार्वजनिक बिदाको दिन सेतो नम्बर प्लेटको गाडी देखेपछि ट्राफिक प्रहरीले कागजात र शनिबार चलाउनका लागि स्थानीय प्रशासनबाट लिइएको पास माग्नु स्वाभाबिक थियो ।

काठमाडौं महानगरपालिकाको मेयरमा निर्वाचित भएपछि महानगरलाई सुन्दर, स्वच्छ र प्रशासनिक चुस्त/दुरूस्त बनाउने सवालमा बालेन चिन्तित देखिनु स्वाभाबिक छ । तर त्यसो भन्दैमा सरकारको सबैभन्दा उपल्लो निकायलाई चुनौती दिनु, मन्त्रालय र पार्टीको केन्द्रिय कार्यालयमा फोहर पठाउनु र सिंह दरबारमा आगो गलाई दिन्छु भन्नुलाई स्वभनीय मान्न सकिँदैन । सरकारी कुर्सीमा बसेका ओहदावाल ब्यक्तिले सामान्य पत्राचार गरेर र प्रतिनिधिमण्डलमार्फत वार्ता गरेर उक्त समस्याको समाधान गर्न/गराउन सकिन्छ । देशका प्रधानमन्त्रि र महानगरका मेयरमात्र होइन समाजका कुनैपनि अगुवाले त्यस्तो आक्रोस र अराजक प्रबृत्ति देखाउँदा समाजमा नकारात्मक असर पर्दछ । भोली देशैभरका स्थानीय निकायले बालेनको सिकोगर्न सक्दछन् । देशमा संघीय शासन लागूगराइएपछि स्थानीयले प्रदेश र केन्द्र सरकारलाई नटेर्ने, प्रदेशहरूले केन्द्र सरकार बिरूद्ध आन्दोलनगर्ने लगायतका गतिबिधिहरू बढेका छन् । यस्तै गतिबिधिलेगर्दा संघीय शासन देशकै प्रमुख समस्या बन्दै गएको छ । जुनसुकै तहको होस नेता भइसकेपछि आफ्ना अभिव्यक्तिमा विशेष ध्यान दिनुपर्छ । कतिपय विषयमा जवाफदेही र उत्तरदायी पनि हुनुपर्छ । राजनीतिक संस्कार भनेकै के कुरा बोल्नुहुन्छ, के बोल्नु हुँदैन, कति संयमित हुनुपर्छ आदि ख्यालगर्नँ हो । यही देश हो ०७७ फागुन नौगते तत्कालीन प्रधानमन्त्रि केपी ओलीलाई कालो झण्डा देखाउन खोजेको आरोपमा काठमाडौंको नैकापबाट छजना पक्राउ परेका थिए । त्यसैगरी ०७६ फागुन १२ गते पोखरामा पनि ओलीलाई कालो झण्डा देखाएको आरोपमा छजना पक्राउ परे । ०७९ को असारमा प्रधानमन्त्रि दाहाललाई कोहलपुरको चौराहमा कालो झण्डा देखाउने क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका नेता तथा कार्यकर्तालाई पक्राउ गरेर सार्बजनिक अपराधमा कारवाही अगाडि बढाइएको थियो । समाजमा अराजकता फैलाउन खोज्ने कतिपयमाथि कारवाही भएका उदाहारण पनि छन् । यस्तै हो त देशको पक्षपातपूर्ण शासन/प्रशासन ?




# अमेरिकाको प्रसिद्ध ब्राण्ड डाईशन अब नेपालमा

*Generation Next Communication Pvt. Ltd. (Bhimsaria Group) ले अमेरिकि ब्राण्ड Dyson नेपालमा भित्रयाउने भएको छ । Generation Next Communication Pvt. Ltd. (Bhimsaria Group) Dyson को आधिकारीक बिक्रेता हुनुको साथै Apple, Dell, Hp को पनि आधिकारीक बिक्रेता हो । अमेरिका तथा युरोपमा ख्याती कमाईसकेको Dyson ब्राण्ड्का Vaccum, Hairdryer, Air Purifier र Airwrap Hair Styling हरु छन् । उत्तम प्रविधी र आधुनिक डिजाईनले Dyson विश्वमै परिचित नाम हो । यसका आधुनिक विशेषताले गर्दा यसको प्रयोग सजिलो र किफायती रहेको कुरा कम्पनिले जनाएको छ । यो Product मा विक्री पछीको सेवालाई पनि उत्कृषट महत्व दिईएको छ । नविनतम विशेषताहरुले गर्दा यो सबैको लोक प्रिय ब्राण्ड भएको छ ।*

# मुक्तकमञ्च : आज तिम्रो नशा लागेछ र लठ्ठ थिएँ



श्रद्धाञ्जलीको लिस्टमा एक नाम उसको राखिदिनु
चोटैचोटले जिउँदै लास, मात्र एउटा कात्रो खापिदिनु
धड्किनै छोड्यो मुटु, शिथिल भइ चल्नै छोडे नाडीहरू
डाक्टर, भुइँमान्छे मरेको भन्दै अखबारमा छापिदिनु

- दुर्गाकिरण तिवारी



भेटिदैन छेउ टुप्पो कतै पूरा सुन्दा पनि
जोस जागर खस्किन्छ कुरा सुन्दा पनि
न देश छ त्यहाँ न देश दुखेका छन् शब्द
परिवर्तन न उद्देश्य छ अधुरा सुन्दा पनि ।

- गंगा दहाल



आकाशले पनि बेलाबेला व्यहोरा दर्शाउँछ
हो बिना बिजुली, वादल असिना वर्षाउँछ
आ यस्तै त रहेछ नि भनेर मन बुझायो
कहिले त रातमा पनि सपनीले तर्साउँछ ।

- जेवी खत्री



आज बुद्ध जयन्ती मनाउदै छौ बिभिन्न देशमा
तानातान हुन्छ तिम्रो जन्मेका कुन परिवेशमा
जताततै छरिएका ज्ञान बुद्धि विवेक दिन भनी
हिडेका छौ शान्ति खोज्न थरिथरीका भेषमा ।

- अम्बिका अधिकारी



भकारिमा सुधार सकियो बेहाल मात्रै बाँकी रह्यो
खडेरी पर्यो सुकिसक्यो पानी ताल मात्रै बाँकी रह्यो
हाम्रो देशमा भ्रष्टाचारी दलालहरूको बिगबिगी भो
नेपालको ने खाइ सक्यो अब पाल मात्रै बाँकी रह्यो ।

- पारस भट्ट प्यासी



तिम्रो बिछोडले पनि मलाई तड्पाउने गर्छ
तिम्रो सम्झनाले पनि मलाई सताउने गर्छ
ए हजुर ! चाहे तिमीले भेटन खोज नखोज
तिम्रो प्रतिक्षाले पनि मलाई पर्खाउने गर्छ ।

- कृष्णबहादुर थापा



पर क्षितिजबाट चियाई हेर्‍यौ
न्यानो आलिङ्गनमा कसेर बेर्‍यौ
बिर्सिनै नसकिने साइनो जोडी
पछि किन घरीघरी रूप फेर्‍यौ ?

- गंगा खड्का



कसैलाई सम्झीनु कसैलाई बिर्सनु पर्‍यो
जीन्दगी भर एक पागल भएर तड्पिनु पर्‍यो
समाजमा जातीय विभेद भएकै कारण
आज चोखो मायाँ गर्नेहरूले छुट्टीनु पर्‍यो ।

- कला ढकाल



सम्झना आइरहने हरपल भैदिंदा दुख्छ तन
बेलाबेला यादको पहाडझैं गैदिंदा दुख्छ मन
हुँदा नसोचेको जीवनमा सहेरै बस्नु पर्दोरहेछ
कहिले फरक धारतिर टाढा रैदिंदा दुख्छ झन ।

- चन्द्रकला आचार्य



हेर गृष्म ऋतुमा घाम चर्किरहेछ
बर्षाको पानी जोडले दर्किरहेछ
दुखी जीवन छ टेण्टमा बस्नेलाई
टेण्ट भित्र जोडले घर्किरहेछ रहेछ ।

- गंगा लिगल



दियौं भने कसैलाई थोरै हात फसाई दिन्छन्
गर्छन् भित्रभित्रै नसोचेको घात फसाइ दिन्छन्
जब हामीले अरूलाई आफ्नो मानेर बिश्वास गर्छौं
तव मौका पाउँछन् र रातारात फसाइ दिन्छन् ।

- लक्ष्मी नेपाल



माग्यौ माया तिमीले खै किन झट्ट दिएँ
गलत हो था छ, तै पनि मन मस्त थिएँ
आजसम्म टाडिदै थिएँ मायाँको लतबाट
आज तिम्रो नशा लागेछ र त लट्ट थिएँ ।

- लीला दाहाल

# माकुरी (मुक्तकसङ्ग्रह)



**अरूणबहादुर खत्री–**

मुक्तककार उषा के.सी. को माकुरी नामक मुक्तकसङ्ग्रह दोस्रो कृतिको रूपमा प्रकाशित भएको छ । यस कृतिभित्र उनीद्वारा लेखिएका ३०३ वटा मुक्तक राखिएका छन् । यसमा काव्यिक गाम्भिर्यता रहेको छ । यस सङ्ग्रहको मुक्तकमा अनुभूतिको आयाम छ, भावनाको झिल्का छ, सहज संवेग र काव्यिक तरेलीका गराहरू छन् । केही मुक्तकहरू रोमाञ्चक, हाँसो र ठट्टाको भावले भरिएका पनि छन् । मुक्तक पढ्दै जाँदा लाग्छ उनी कतै उपदेशक बनेर देखिएका छन्, कतै प्रेम वियोगमा छट्पटाएका छन् त कतै अथाह मातृभक्ति दर्शाउन पुग्दछन् । साहित्यको विशेषता भनेकै पाठकमा रोचकता पस्कन सक्नु हो । आनन्दाभूति दिलाउन सक्नु हो । यस विषयमा उषाका मुक्तकमा कमी देखिदैन । उनी साहित्यप्रति सकारात्मक देखिन्छिन् । धेरैले बोल्न नसकेका र नपाएका कुरा उनका मुक्तकले बोलेका छन् ।

काँडाले फूललाई भन्यो एकपटक बिझाउन देऊ
फूलले काँडालाई भन्यो सक्छौ बह बिसाउन देऊ
जब जब वसन्तको बहार आयो प्रकृति भन्छ
नङ मासुझैं सदावहार मित्रता टिकाउन देऊ ।

मुक्तकहरू मध्ये केहीमा जीवनधर्मिता, कर्मठता, गतिशिलता, क्रान्ति जस्ता विषयसँग सम्बन्धित मुक्तकहरू छन् । मुक्तकहरूमा देशभक्ति पनि छन् । उनका मुक्तकको भाषा स्वाभाविक र सरल छ । मुक्तकको लयविधिको सीमा कतैकतै मिचिएको छ । आफूले जीवनमा प्रत्यक्ष देखे भोगेका विषयवस्तुलाई मुक्तकको रूपमा लेखेकी छिन् । जीवनमा यिनले आर्जन गरेका तिता-मिठा अनुभव र अनुभूति अनि देशप्रतिको यिनको मोह सामाजिक विसङ्गतिको चित्रण, लैङ्गिक मनोभावप्रति देखिएको दृष्टिकोण साथै दर्शन र आध्यात्मको चेतना आदि सबै यस सङ्ग्रहभित्रको मुक्तकमा अटाएको देखिन्छ ।

तिम्रै स्वर सुन्ने आज धेरै आश थियो
हृदयको ढुकढुकीमा तिम्रो बास थियो
मन न हो, मनलाई कसले जित्यो र ?
पानीले नमेटिने मायाको प्यास थियो ।


प्रतीकात्मक र बिम्बात्मक रहेको प्रस्तुत कृति माकुरीमा हामी हाम्रै जीवनका उकालीओराली, अँध्याराउज्याला पाटाहरू चित्रित भएको पाउँछौ । जीवन साँच्चै माकुराको जालोजस्तै जेलिएको छ । जहाँ हाम्रा खुसी र सपनाहरू जेलिएका छन् । यस्तै विविध भावसँगै उज्यालोको खोजीमा रहेकी मुक्तककारका मुक्तकहरूमा आमाको दुखेको मुटु छ । विविध सपना छन् । पीडा र सङ्ला धमिला छायाहरू छन् ।

धर्ती भएर सहनुपर्ने भएर मात्रै हो
नारी भएर रहनुपर्ने भएर मात्रै हो
नत्र धर्तीलाई आकाश बनाई दिन्थे म
नदी भएर बहनुपर्ने भएर मात्रै हो ।

गीत गजल जस्तो मुक्तकलाई गाएर सुनाउने प्रचलन छैन । तर पनि कसै कसैले गाउने प्रयास गरेका छन् तर सफलता पाएका छैनन् । उषाले मुक्तकलाई जुन उद्देश्यले अपनाए पनि लेखकीय साधनाको निरन्तरतालाई नछाडे सफलता यिनको लागि टाढा छैन । धेरै मुक्तक स्रष्टाहरूको सामिप्यता र मञ्च तथा प्रगतिको उपलव्धताले पनि मलाई लाग्छ यिनको निम्ति साहित्यिक परिवेश त्यति नराम्रो पनि छैन । यस सङ्ग्रहभित्र सङ्कलित मुक्तक मार्फत देशका अधिकांश नारीले भोग्दै आएको जीवन र आफूले देखे जानेको समाजलाई खास गरी गृहिणीहरूको पीडालाई उजागर गर्ने जुन प्रयास यिनले गरेकी छिन् त्यो मार्मिक छ । आगोमा हात हाल्नुअघि सोच के हुन्छ ? खडेरीमा आगो बाल्नुअघि सोच के हुन्छ ? उनले मुक्तकमा लेखेकी छिन् । कृति सानो आकारमा भए पनि निकै गह्रुङ्गो छ । मुक्तककार उषामा देशभक्ति र यसप्रतिको प्रेम साह्रै निर्मल र गहिरो छ ।

प्रेमका गीत सुन्ने कान बन्द छ
न सुनिरहुँ लाग्ने कुनै छन्द छ
नाकै फुट्लाजस्तो भइसकेको छ
देश उचाल्न खोज्नेको स्वर मन्द छ ।

उनका मुक्तकमा जीवन र जगतका विविध पक्षहरू




समेटिएका छन् । कतैतिर देशको दुर्दशा र कतैतिर देशको सौन्दर्य पनि झल्किएको छ । प्रेमको गहिरो अनुभूति र आध्यात्मिक दार्शनिक चेत पनि झल्किएको छ । छिमेकीले नदीनाला स्रोत घिचिसक्यो छिमेकको हस्तक्षपले थिच्नु थिचिसक्यो उनले मुक्तकमा लेखेकी छिन् । जीवनबोध बिम्बको उचित प्रयोग, सौन्दर्यको वयान, आत्मप्रकाशन, स्वतन्त्रता, नारीपीडा, प्रकृतिप्रेम, हाँसो र रोदनलाई मुक्तकको भावभूमिमा प्रकट गरेकी छिन् ।

दिन र रात एउटै लाग्छ तिम्रो सम्झनाले
आधा रातमा निद्रा जाग्छ तिम्रो सम्झनाले
मलाईजस्तो तिमीलाई पनि त्यस्तै हुन्छहुन्न
भोक प्यास सबै भाग्छ तिम्रो सम्झनाले ।

त्यसो त एउटा सानो मुक्तकभित्र सिङ्गो ब्रहमाण्ड नै अटाउन सक्छ । कविताको सबैभन्दा लघुतम रूपलाई मुक्तक काव्यको रूपमा चिन्ने गरिन्छ । हरेक साहित्यिक रचनामा मानवचरित्र र क्रियाकलाप चित्रण गरेजस्तै मुक्तक काव्यमा पनि व्यक्ति, समाज, वातावरण र मानव समाजसँग सम्बन्धित अनेक पक्षलाई नै समेटेर सिर्जना गरिएका हुन्छन् । जीवनका उहापुहाका सन्दर्भहरूलाई मुक्तकले समेटिएका छन् । मानवीयता मुक्तकका विषय बनेका छन् । उनी साहित्यप्रति सकारात्मक देखिन्छिन् । उनका मुक्तक सुन्दर छन् र विविधताले भरिएका छन् ।

कृति: माकुरी । प्रकाशक: रत्नसागर प्रकाशन ।

# साहित्यिक पत्रकार संघको बधाई

साहित्यिक पत्रकार संघले साहित्यकार सपना राउतलाई स्वागत, सम्मान गरेको छ ।

साहित्यिक पत्रकार संघले जेठ १२ गते काठमाडौंमा कार्यक्रमको आयोजना गरी टेक्सस अमेरिकाको Greater Austin Nepalese Society की नवनिर्वाचित कार्यसमिति सदस्य Software Engineer सपना राउतको स्वागत तथा सम्मान गरेको हो ।




साहित्यिक पत्रकार सङ्घका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्व तथा वरिष्ठ कलाकार मदनदास श्रेष्ठको प्रमुख आतिथ्यमा आयोजित सो स्वागत सम्मान समारोहमा अन्य अतिथिहरू सङ्घका पूर्व अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ, गुञ्जनकी संस्थापक हिरण्यकुमारी पाठक तथा पूर्व सचिव एवं कवि देवेन्द्रप्रसाद सिटौलाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा साहित्यकार सपना राउतलाई प्रमुख अतिथि मदनदास श्रेष्ठ, अध्यक्ष लेकालीले फूलको माला तथा रूद्राक्षको मालासहित बधाईपत्रले सम्मान गरेका थिए ।

प्रमुख अतिथिको आसनबाट बोल्दै कलाकार मदनदास श्रेष्ठले अमेरिका जस्तो ठाउँमा बसेर सामाजिक सेवा तथा नेपाली भाषा, साहित्य र कला क्षेत्रमा धेरै नेपालीहरू लागेकोमा खुशी व्यक्त गर्दै Greater Austin Nepalese Society को कार्यसमिति सदस्यमा निर्वाचित हुन सफल भएकी सपना राउतलाई हार्दिक बधाई तथा शुभकामना दिएका थिए ।

सम्मानित व्यक्तित्व सपना राउतले आफ्नो कार्यकालमा नेपाल, नेपाली, नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकासमा खटेर लाग्ने बताएकी छिन् ।

# गाँजाखेतीको फाइदै फाइदा



गाँजा किन प्रतिबन्धित ? यस विषयमा सामाजिक सञ्जालमा निकै बहस चर्केको छ । केही सांसदले संसदमा पनि कुरा उठाए, सेलायो । सांसदहरू किन गाँजा विरोधी बनेका हुन् । नेपाल पहाडी मुलुक भएकाले गाँजाको खेतीको सम्भाबना व्यापक छ । गाँजाको खेती अष्ट्रेलिया, क्यानडा, थाइलेण्डमा समेत कानुनी भइसक्यो । औषधिका लागि उपयोग गर्न सकिने गाँजा खेती नेपालमा बैध गराउन सके नेपालीको आर्थिक स्तर उकासिने र नेपालकै आर्थिक संकटमा समेत लाभदायक हुने देखिन्छ ।

सामाजिक सञ्जालमा छेडिएको गाँजा बहसमा यस्तो लेखिएको छ-

१. एक रोपनी गाँजाले २५ रोपनी जङ्गल जत्तिकै अक्सिजन उत्पादन गर्छ ।

२. एक रोपनी गाँजाले ४ रोपनी रूखहरू जतिकै कागज उत्पादन गर्न सक्छ ।

३. गाँजालाई ८ पटक कागजमा परिणत गर्न सकिन्छ भने काठलाई ३ पटक कागजमा परिणत गर्न सकिन्छ ।

४. गाँजा ४ महिनामा बढ्छ, काठलाई बढ्न २० देखि ५० वर्षमा बढ्छ ।

५. गाँजा एक वास्तविक विकिरण जाल हो ।

६. गाँजा संसारको कुनै पनि ठाउँमा उब्जाउन सकिन्छ र यसलाई धेरै कम पानी चाहिन्छ । साथै, यसले किराहरूलाई भगाउन सक्छ, यसलाई किटनाशकहरू आवश्यक पर्दैन । यदि गाँजाले बनेको कपडा व्यापक भयो भने, किटनाशक उद्योग पूर्ण रूपमा हटाउन सक्छ ।

७. गाँजाले एड्स र क्यान्सरको उपचारमा केमोथेरापी र विकिरणको प्रभावलाई कम गर्छ; कम्तिमा २५० रोगहरू जस्तै: गाँजाको तेलबाट क्यान्सर जस्ता रोग निको हुन्छ भने बाथ, मुटु रोग, मिर्गी, दम, पेट, अनिद्रा, मनोविज्ञान र मेरूदण्डको कडापन जस्ता रोगहरूमा यसको प्रयोग गरिन्छ ।

८. गाँजाको बिउको प्रोटिन मूल्य धेरै उच्च छ र यसमा पाइने दुईवटा फ्याटी एसिड प्रकृतिमा अन्त कतै पाइँदैन ।

९. गाँजा भटमास भन्दा उत्पादन गर्न सस्तो छ ।

१०. गाँजा खुवाइने पशुहरूलाई हर्मोन सप्लिमेन्टको आवश्यकता पर्दैन ।

११. सबै प्लास्टिक उत्पादनहरू गाँजाबाट बनाउन सकिन्छ र हेम्प प्लास्टिक प्रकृतिमा फर्कन धेरै सजिलो छ ।

१२. कारको बडी गाँजाले बनाएमा यो स्टील भन्दा १० गुणा बलियो हुनेछ ।

१३. गाँजा भवनहरू इन्सुलेट गर्न गर्न सकिन्छ; टिकाऊ, सस्तो र लचिलो छ ।

१४. हेम्पले बनेको साबुन र सौन्दर्य प्रसाधनहरूले पानीलाई दूषित गर्दैन, त्यसैले तिनीहरू पूर्ण रूपमा वातावरणमैत्री हुन्छन् । श्रोत सामाजिक संजाल @lux_subedi

हरेक मंगलबार गोरखा एक्सप्रेस
www.nepaltoday.com.np




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४

E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# हिन्दुराष्ट्रबाट किन धर्मनिरपेक्ष ?

*नेपाल हिन्दुराष्ट्र थियो । सर्वधर्म समभावमा चलेकै थियो । आमनागरिकले हिन्दुराष्ट्र हुनुपर्छ भनेर सुझाव दिएकै थिए । तर संविधान जारी गर्ने बेलामा हिन्दुराष्ट्र हटाइयो, धर्मनिरपेक्ष राष्ट्र लेखेको संविधान जारी भयो । यो संविधान जारी भएपछि कुनै चमत्कार भयो भने धर्म परिवर्तनको भेल पस्यो, धार्मिक द्वन्द्वको खतरा बढ्यो । कुनै पनि बेला बिबादको आगो डढेलो बन्नसक्छ । १ सय २६ जाति, विविधि धर्मावलम्बी मिलेर बसेको नेपालमा धार्मिक छुवाछुत बढेर गएको छ, तिक्तता हल्कदो छ । कुनै पनि बेला धार्मिक हिंसाका दुर्घटना हुने खतरा बढेर गएको छ । संविधान जारी गर्नेहरूले यस्तो दुर्घटना हुन नदिन कुनै व्यक्तित्व निर्माण गरेका छैनन् । यिनीहरू पन्छिनेछन्, समस्या देशलाई पर्नेछ, नेपाली नेपालीवीच मारामार हुनसक्छ । यिनीहरूको त के जान्छ र ? रक्तपात र बैमनुस्यता त नेपाली नेपालीमा हुनेछ ।*

*इतिहासका घटनाको स्मरण रहोस्, युरोप इसाइकरण हुन ५० वर्ष लाग्यो । इजिप्ट ५० वर्षमै मुसाइकरण हुनपुग्यो । २०७२ मा धर्मनिरपेक्ष संविधान जारी भएपछि भित्रभित्रै मुसाइकरण र खुलेआम इसाईकरण चम्किएको छ, गरीब नेपालीलाई लोभलालचमा पारेर धर्मपरिवर्तन भइरहेको छ । संविधानले धर्म परिवर्तनमा रोक लगाएको छ, धर्मनिरपेक्षताका नाममा र पैसाका बलामा धर्मपरिवर्तनको महामारी नेपालभरि सल्किसकेको छ । यो विषयमा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत समाचार आएका छन् । तैपनि हिन्दुवादीहरूमा चेत फिरेको छैन । हिन्दुवादीहरू खतरा देख्छन्, बोल्दैनन्, मौन बस्छन् ।*

*संविधान जारी हुनासाथ 'हिन्दुराष्ट्र नेपाल पैसामा' बिक्री भएको खबर प्रकाशित भएको थियो । पैसा पाएकाहरूले अकस्मात नेपाललाई केही राजनीतिक दलहरूले धर्मनिरपेक्ष घोषणा गरिदिए, अहिले गल्लीगल्लीमा चर्च फैलिएका छन् । १४० मुलुकमा फैलिएका ३ सय करोड हिन्दुलाई नेपाल इसाइकरण हुँदै गएको चिन्ता होला तर हिन्दुका ठेकेदार बनेका नेपालका धर्मभिरूहरू किन मौन छन् ? हिन्दुत्व बचाउने अभियान किन चलिरहेको छैन ? हिन्दु छन्, ॐकार परिवार ९४ प्रतिशत छन्, ती सबै इसाइकरणको महामारीलाई हेरिरहेका छन् । महामारी रोक्न बोल्दैनन् ।*

*जानकारी रहोस्, २०१७ सालमा २५ जना क्रिश्चियन बनेका थिए । २०६३ साल जेठ ४ गते धर्मनिरपेक्षता घोषणा भएपछि र २०७२ मा धर्मनिरपेक्ष संविधान घोषणा भएपछि क्रिश्चियन धर्म मान्नेहरू ३५ लाख नाघिसकेको अनुमान छ । यो तथ्यांकले हिन्दु हुँ भनेर संघ संगठनका प्रमुख हुनेहरूलाई मनमा घोच्छ कि घोच्दैन ? तिनीहरूलाई हिन्दुधर्म मासिदै गएकोमा बिज्छ कि बिझ्दैन ? हरेक हिन्दु गुरूलाई आफै धर्मगुरू हुँ भन्ने अहंकार छ । यही अहंकारले गर्दा हिन्दु एकता भाँडिएको छ । एकता भाँडिनु भनेको कमजोर हुनु हो, समाप्तितिरको यात्रा हो । यति हुँदा पनि हिन्दुवादीहरू जाग्दैनन् ।*

*हिन्दु धर्म, संस्कृति, परम्परा, जात्रा अनेक छन् । यी पर्वहरूमा हिन्दुवादीहरूको लस्कर देखिन्छ । मन्दिरमा पाइला राख्ने ठाउँ भेटिदैन । अर्थात्, धर्मप्रति चेत छ, धर्मप्रति आस्था छ । आस्थाले धार्मिक प्रवृत्तिलाई बिकसित पारेको छ । आफ्नो आस्थामाथि घात हुँदा, प्रहार हुँदा आस्थावानहरूलाई जागृत पार्ने, एकताबद्ध पारेर धार्मिक आस्था फैलाउने काम कसैबाट भएन । विश्वहिन्दु संगठनदेखि अनेक हिन्दुवादी संघ संस्थाहरू छन्, हिन्दुवादका ज्ञानीहरू छन्, ती सबै आआफैमा मगनमस्त छन् । आफै ठूलो हुँ भन्ने भ्रममा छन् । धर्ममाथि धावा बोल्नेक्रम जब तीव्र हुनेछ, इसाइकरणको बोलवाला हुनेछ, त्यतिबेला ॐकार परिवारका ९४ प्रतिशत आस्थावानले के गर्लान् ?*

# लोकतन्त्र अपराधको साम्राज्य बन्यो




लोकतन्त्र नेपाल अपराधको साम्राज्य बन्यो, भ्रष्टाचारको स्वर्ग भयो ।

लोकतन्त्र चल्ने लोकलज्जाले हो । समाजिक मान्यता र परम्पराकै बलामा बेलायत चलिरहेको छ । बेलायतको लोकतन्त्र विश्वप्रशिद्ध छ । लोकतन्त्रमा लोकले के भन्लान् भन्ने भय हुनुपर्छ । यही भयका कारण नेतृत्व भयभित हुन्छ, सहीकाममात्र गर्छ । गलत निर्णय भएको आलोचना हुनासाथ नेतृत्वले आफैलाई नैतिकताको कसीमा घोट्छ । पद, शक्तिलाई उसले महत्व दिदैन ।

बेलायतको लोकतन्त्र यसकारण मजुबत छ । यसैलाई वेष्टमिनिष्टर पद्धति मानिएको छ । विवेक र नैतिकतामा उभिएको लोकतन्त्रलाई लिखित संविधान चाहिदैन ।

जब नीति, नियम, नैतिकता, निष्ठा स्वार्थको बलिवेदीमा चढाएर लोकतन्त्र चलाइन्छ, त्यहाँ बेथिति र बिकृतिमात्र हुनेगर्छ । नेपाल यस्तै बिकृतिको कन्टेनर बनेको छ । फोहरमा बाँच्ने फोहरी किरामात्र हो । स्वच्छता फोहरमा बाँच्नै सक्देन । नेपालको लोकतन्त्र फोहरमा निसास्सिन थालिसकेको छ । आमनागरिक यसकारण यो पद्धति, यी नेताप्रति घृणाभाव राख्छन्, यहाँसम्म कि कुनै नेता आयो भने कुन चोर आएछ भन्ने अवस्थामा पुगिसकेका छन् । सफा हुनुपर्ने लोकतन्त्र कसरी नाली बन्यो ।

जिम्मेवार नेता हुन् । जिम्मेवारी आफूलाई अग्रगमनकारी हुँ भन्नेहरूले लिनपर्छ । जवाफदेहीता तिनकै हो । तर नेतृत्वपंक्ति सच्चिन तैयार छैन । लोकतन्त्र जतिसुकै बदनाम होस्, देशमा जतिसुकै बिकृति फैलियोस्, आफ्नो स्वार्थ सुरक्षित हुनुपर्छ भन्ने ठान्छन् नेतृत्व ।

यसकारण नेपालको लोकतन्त्रमा जे छ अहंकार छ । अहंकारभन्दा पर प्रणाली छैन, समाज छैन, लोकतन्त्र छैन, लोकलज्जा हुने कुरै भएन ।

नेतृत्वमा जे छ सत्ता छ, सत्ता स्वार्थ छ । यिनका सत्ता, शक्ति र सम्पत्तिको स्वार्थका कारणले शान्ति र समृद्ध देश बनाउने सपना तुहियो । संविधान असफल भयो । नेतृत्व असफल भए । जनविद्रोह गर्नुपर्ने दिन आयो । जनताले बिद्रोह गरेनन् भने देश असफल राष्ट्र बन्ने खतरा सन्निकट भएर गयो ।


जे छ अपराध छ, सेटिङ छ । राजनीतिमा राजनीति छैन, माफियाकरण छ । सुशासनको झल्कासम्म पनि छैन । मन्त्रीहरू सम्पत्ति बिबरण देखाए, धेरै लुकाए, जे देखाए अर्वपति हुँ भन्ने देखियो । जो सांसद छन्, तिनीहरू पनि भ्रष्टाचारमा डामिएका छन् ।

अर्थात्, राजनीति पेशा भयो, व्यवसाय भयो । राजनीति समाज बदल्ने उपाय हुनसकेन । राजनीतिप्रति जनतामा घृणा बढ्यो, नेताहरूप्रति जनतामा भएको आस्था मऱ्यो । जनता बिचलित हुनपुगेका छन् । बेथिति सम्हाल्ने कोही छैनन् ।

नेताहरूमा म बादको पनि सीमा नाघ्यो । सीमाभित्रको हरेक सवाल उचित मान्न सकिन्छ । जब म बादले सीमा नाघ्छ, त्यो अपराध हुन्छ । नेपालमा राजनीतिक दल र दलका नेताहरूको म बाद अपराध बनिरहेको छ । अपराध संसद, सरकार, सिंहदरवार, शितल निवास सबैतिर हल्किदै गएको छ ।

सत्तामा गएर शासन गर्ने राजनीतिक दलले नै हो । दलका नेताले नै हो । जब दल दलदल बन्छ, नेता नैतिकहीन बन्छन्, तव मवादले सीमा नाघ्घ, सीमा नाघेको मवाद अपराध हुनजान्छ । नेपालको वर्तमान यस्तै अपराधबाट हरेक क्षण प्रताडित भइरहेको छ । दल र दलका नेतालाई सीमावद्ध पार्ने सार्वभौम जनताले हो । जनता यति सोझा र यति विभाजित बनाइएका छन् कि दलहरूको अपराधिक साम्राज्य देशैभरि फैलिएको छ । यसैले त कानुनलाई तर्साइन्छ, न्यायको झाँको झारिन्छ र म बाद बुर्कुसी मारेर अपराधमा रमाउन पुग्छ । नेपालमा म बाद आसुरी शक्ति बनेर जनता र देशमाथि अपराधको वर्षा गरिरहेको छ । विषवर्षा छ लोकतन्त्रमा । पीडामा छन् देश र जनता ।

ॐभित्र मानव कल्याण पनि महत्वपूर्ण पाटो मानिन्छ । नेपालमा ॐ होइन, सत्ता र शक्तिको अन्धता छ, मूलमा प्रदूषित अन्धता भएकाले बहाव प्रदूषित छ । मानव कल्याणका नाममा स्वार्थपूर्तिमात्र पन्पिएको छ । कारण कुनै शासक, प्रशासक, नागरिक समाज, अभियन्ता अथवा बुद्धिजीवीले 'हामी' 'जनता' भन्नै जानेनन् । नेपालमा धर्म छ, मर्म छ, कर्म छ । यी कुनै पनि मार्गमा 'हामी' 'जनता' छैन । जता हेरे पनि म छ र म बाद, म को अहंकार छ, मानौं लोकतन्त्र दुयोधन अवतार हो । यसकारण त आफन्तवादमात्र छ । परिवारवाद छ, समानुपातिकताको नाममा विभेद र




निषेध, असमानता छ । स्वार्थ बादमात्र छ । देश बाद छैन । समाजबाद छैन । जनतामा राजनीति र नेताप्रति अविश्वास बढ्केको छ । राष्ट्रका हरेक अङ्गमा असन्तुष्टी छ । जनतामा बिद्रोह छ । लोकतन्त्र, संविधान, नेताप्रति आस्था र विश्वासमा केही पनि बाँकी छैन । हामी हरेक पल टकटकिरहेका छौं । नाङ्गो छौं र एकले अर्कोलाई नङ्ग्याइरहेका छौं । यसकारण हामी दु:खी छौं । न शासकमा सुख छ, न प्रशासकमा । न शासितमा सुख छ, न ज्ञानीहरूमा । जबसम्म हामीले 'हामी' भन्न सक्दैनौं र 'म'मा सिमित हुन्छौं, कणमा रहन्छौं, परिवर्तनको परमाणु बन्न सक्दैनौं ।

परिवर्तन भयो, केही व्यक्ति र तिनका परिवारलाई भयो । आमसमाजलाई परिवर्तन आएन ।

जन्मेपछि मर्नुपर्छ भन्ने आत्मज्ञान कसैमा छैन । जन्म, जगत, जीवन र मृत्यु- ॐ अर्थात् सीमाहीन अनन्त...'म' को सीमित जीवनलीला त्यो अनन्तसम्म पुग्न सामर्थ्य राख्दैन । तर त्यो मार्ग मान्छेभित्रको 'म' को बिकल्पहीन मार्ग पनि हो । पृथ्वीमा अवतरण गर्दा च्याँहाँ गर्नु ॐ हो, आँखा चिम्लने स्थितिमा पुग्नु पनि ॐ हो । ॐ को गहिराई 'ममित्रको म' ले कहिले नाप्न सक्यो र ? त्यो सिद्धि प्राप्त गर्न नसके पनि मर्ममार्ग पवित्र छ, त्यो पवित्रतामा प्रवेश गर्नु नै प्रेमीले भनेजस्तो मानवीय मर्म मार्गको महात्म्य हो शायद । ॐभित्र सबैथोक छ । बुझ्दैनन् र स्वार्थमा लिप्त छन् । ज्ञान अभावमा राजनीति अपराध बन्यो, शासन कुशासन हुनपुग्यो । नेता कुनेता बन्नपुगे । नेतृत्वमा किन यसरी म बाद पन्पियो, यसको गुढार्थ बुझाइदिने कसले ?

'म' आदि हो कि अन्त, सुरू हो कि मध्य, शान्ति हो कि अशान्ति, सिर्जना हो कि विध्वंश, पाण्डव हो कि कौरव, देवत्व हो कि आशुरी, धर्म हो कि पाप, उज्यालो हो कि अन्धकार, जीवन हो कि मृत्यु, हावा हो कि धुलो ? मैले खुट्याउन सकिरहेको छैन । 'म' हाँस्छ, 'म' रून्छ । 'मान्छे' वाल, प्रौढ, बृद्ध हुन्छ र सकिन्छ तर 'म'को दबदबा, साम्राज्य समाजमा कायमै रहन्छ । आूखा खोल्दा छ, आूखा चिम्लदा छैन । तैपनि 'मु लाई 'म' नै प्यारो छ । के यही 'छ र छैनुको झिमिक-झिमिक संसार हो ? यति सुन्दर, यति कुरूप संसारको सिर्जना कसले, कहिले, कुन उद्देश्यका लागि गऱ्यो ? त्यो को हो, जो 'म'भित्र बिराजमान छ र 'म' मा जन्मिरहेछ, 'म' मा मरिरहेछ ? 'म' को अन्त्य र 'म' को आरम्भ, बुझिनसक्नु द्वन्द्वमय छ । भगवान र भक्तरूपी यो भवचक्करमा 'म' भौंतारिन्छ र पानीमा चिनी घोलिएझैं घोलिन्छ ।

तैपनि मान्छेभित्र 'मुमा अहंकारको वास छ । हे ज्ञानी बुद्धिजीवीहरू हो, राजनीतिमा लागेकालाई यत्ति बुझाइदिनुपऱ्यो ।

'म' को बास भएकाले मान्छे नासवान छ । 'म' र अहंको नालीबेलीको अत्तोपत्तो पाउन सकिन्न । कतै 'म' मैमत्ता बनिरहेको छ, कतै 'म' अध्यात्मको ज्योतिर्पुञ्ज बनेर धपक्क बलेको पनि देखिन्छ । मानवीयता, करूणता, कोमलता, लगनताका साथ ढुङ्गाको कापबाट रसाएको देख्दा 'म' स्वर्गीय रहेछ जस्तो लाग्छ । जब सुरवीरतामा 'म' बहुलाउँछ, बर्बराउँछ, मान्छेलाई कमिला देख्छ र मान्छेको टाउकोमा टेक्छ, ऊभित्रको आवेग, उवाल उर्लेर मानवीयता छेक्छ, त्यतिबेला लाग्छ 'म' महिषासुर हो । हावाको एक झोक्का हो, हुण्डरी हो, आउँछ र जान्छ । जीवन जगतमा 'म' सबैथोक हो तैपनि 'मु शून्य हो, केही पनि होइन । 'म' केही हो जस्तो, केही पनि होइन जस्तो । मान्छे पुरूषार्थ, अहंकार, जीत र हाररूपी 'म' अन्तर्निहित भएर नाङ्गै आउँछ र नाङ्गै जान्छ । 'म' भित्र सिर्जना सन्सारको सबैथोक छ, अन्तमा केही पनि छैन ।

नयाँ नेपाल बनाउन हिडेकाहरूले यस्तो ज्ञान हासिल गर्नसके देश स्वर्ग हुनेथियो । जनता सुखी हुनेथिए ।

मान्छेका रूपमा 'म' बीज हो, बीज फुट्छ । एउटै बीजबाट युधीष्ठिरजस्ता धर्मात्मा, धृतराष्ट्रजस्ता विवेकहीन, दुर्योधन र दुशासनजस्ता पापी र विदुरजस्ता ज्ञानी जन्मन्छन् । एउटै बीजमा यति ठूलो अन्तर कसरी सम्भव छ । आत्मा र परमात्मावीचको चमत्कारिक प्रसङ्ग, के यो प्रारव्ध हो ? अदृश्य शक्तिको खटनपटन नभए के हो ? हो भने 'मभित्रको म' आत्मा हो, परमात्मा हो र उसैले प्रत्येक 'म' लाई सांसारिक जीवनमा चलायमान गरिरहेको छ । राजनीतिमा मपाइवादको बिगबिगीले देशलाई धरापमा पार्दै लगेको छ ।


पञ्चतत्वबाट बनेको मान्छे ढुंगामा भगवान, माटोमा मातृत्व देख्छौं । हामी नास्तिक पनि छौं, आस्तिक पनि छौं । नास्तिकहरू समेत कतै शरीर वा मन दुख्दा भगवान पुकार्छन् । अन्तिम आश्रय, अन्तिम अभिष्ठ द्यौराली भञ्ज्याङ्ग हो भगवान । मन्दिर वा गुरूद्वारा, मस्जिद वा चर्च जहा' टाउको बजार्न पुगे पनि त्यो आस्था हो, मान्छेभित्रको 'म' मा प्रचूर आस्था देखिन्छ । शायद 'म' मान्छेमा विश्वास मर्न दिदैन र त्यो विश्वास हो भगवान । मान्छे प्रकृतिको अति सुन्दरतम् सिर्जना भए पनि ऊभित्र मन परे चाट्ने, मन नपरे थुक्ने चरित्र पनि विद्यमान हुन्छ । 'म'भित्र समताभाव हुन्न ? फेरि 'म' र 'मान्छे' किन एकाकार छ ? 'म' छ र 'मान्छे' छ । यति दोहोरो चरित्र भएको मान्छे किन 'म' च्यापेर जन्मन्छ ? यसको कारणको रहस्य जान्नु भनेको तारणहार चिन्नु हो, चिन्न 'म' अझै असक्षम छ । बैकुण्ठ देख्नु र 'म' चिन्नु उस्तै हो कि ? त्यसैले 'मभित्रको मु- मान्छे काँचो छ, कटमिरो छ, गुलियो-गुलियो, टर्रो, अमीलो छ । स्वाद छ, बेस्वादको पनि छ । रङ्ग छ, बेढङ्गको छ । 'म' शिष्ट छ, विशिष्ट छ, क्लिष्ट पनि छ । 'म' जति बुझ्यो, बुझ्न झन कठिन छ । मान्छे लौकिक संसार र अलौकिक स्वर्ग बुझ्न खोज्दाखोज्दै सकिन्छ । 'मभित्रको म' मैनवत्तीजस्तो छ, बाल्यो बल्छ, अँध्यारो चिर्दै जान्छ, अव त छ्याङ्ग उज्यालो हुनलाग्यो भन्ने बेलामा मैन सकिएर झ्याप्प निभ्छ, समाप्त । नेपालमा यस्तै भइरहेको छ ।

प्रकृति घण्टाघरको सुई हो, यही सम 'म' हो । समय र प्रकृतिको गतिलाई कसले, कहिले, कहाँ रोक्न सक्यो ? न यी कहिले उल्टो चले । शक्तिपुञ्ज, समय र प्रकृतिमा अदृश्य शक्ति बिराजमान छन् शायद । त्यो शक्तिले 'म मान्छेलाई आफ्नै गतिमा निरन्तर परिक्रमा गराइरहेको छ । चौरासी योनी यही हो कि ? समयसँगै 'मान्छे' र 'म' फुट्छ, उठ्छ, हिड्छ र लक्ष्य नपुग्दै मध्यमार्गमै छुट्छ । 'भित्रको मु प्रकृति र समयलाई फनफनी फन्को मारेर सकिन्छ । 'मभित्रको म' कहिल्यै समयको महिमामय साध्य आरोहण गर्न सक्दैन । मान्छेभित्रको 'म'मा वाल हठबल, जवानी बाहु बल, प्रौढ परिपक्वता बल, बृद्ध बुद्धि बल त हुन्छ तर त्यसभन्दा पर परमार्थ, परमात्मा बल ऊ आर्जित गर्न कहिल्यै भ्याउँदैन किनकि 'म' अपूर्ण छ । त्यसभन्दा अगाडि 'म' निर्बल, निस्तेज बन्छ । पञ्चतत्वमा बिलीन हुनपुग्छ ।

अहंकारले राजनीतिलाई अन्धो बनाइदियो । सामाजिक मान्यता, सभ्यता र शिष्टता, जिम्मेवारी र जवाफदेहीताको अन्त भएकै म बाद हावी भएर हो । जो शासन प्रशासक छन्, तिनलाई जन्मेपछि मुर्नपर्छ, मर्दा केही जाँदैन, नाम राख्नुपर्छ, सुकीर्ति जोगाउनुपर्छ भन्ने ज्ञान दिने ट्यूसनको व्यवस्था हुनपर्ने भयो ।

जब विवेक मर्छ, त्यहाँ अन्यायमात्र हुन्छ । नेपालमा यतिबेला विवेक मरेको अवस्था छ । विवेक मर्दा लोकतन्त्र मरेको छ । लोकतन्त्रलाई जिवन्त राख्न लोकको मानसिकता जिउँदो हुनुपर्छ भन्ने हेक्का राख्ने कोही छैनन् । राष्ट्र र अस्तित्व मर्दै जान थालेको अनुभूति हुँदैछ ।

# मेरो खोल्ने, तेरो पनि खोलिदिन्छु...



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

सिंहदरवारको सेतो दरबार भित्र सेतै खोल लगाएको कुर्सीमा पनि नविर्सी गनगन गर्दै थिए । यो भएन त्यो भएन । यसो गरिस् त्यसो गरिस अव तँलाई छाडिन्न ! गनगन कुमारलाई धनकुमारले पनि हो मा हो मिलाईउँदै थिए । अरू दुईचार जना पनि घोक्रो फुट्ने गरी होहल्ला गर्ने भीडमा नै थिए । कोही पनि रमिता हेरेर खित्का छाडेर हाँसिरहेका थिए । घडी चोरेको आरोप लागेका एकजना पनि उफ्रेको देखियो ।

यताव ारिको कुर्सीमा बसेकाहरू पारिका कुर्सीमा बसेका मानिसहरूलाई आँखा तरातर पनि नगरेका होइनन् । तर आँखा तरेर दर्शकलाई जादु देखाउने बाहेक यिनले के नै गरेको थियो ।

सर्पको खुट्टा सर्पले देख्ने सर्पहरू र थरिथरीकाहरू भन्दै थियो तँ ठग होस् । अर्कोथरी चिच्याउँदै थियो तैले खाएकै होस् । तैले लिएकै होस् । तेरो नाममा त्यसै कसरी जान्छ त ? केटाकेटी भाडाकुटी खेल खेल्दा झगडा गरे जस्तो लाग्दैथियो । सेतो दरबारको त्यो वैठक कोठाभित्रका काला कुराहरू ।

कोठामा ओछ्याइएको रातो कार्पेटमा लमक लमक लम्कँदै व्यासजीको आसनमा गएर लामकाने गनगनलाई अझ गनगन गर्दै थिए । ए ऽ मैरो खोल्ने त्यसो भए तेरो पनि खोल्दिन्छु । उसको पनि खोलिदिन्छु । त्यसो जोई-पोईको पनि खोलिदिन्छु ! धेरै कुरा खोलिदिन्छु ।

लोकतन्त्रमा सबैले बोल्न पाउनुपर्छ । तँ भन्दा म के कम । तैले बोल्न पाउन मैल बोल्न नपाउने । तेरो पनि सवै थाहा छ मलाई, तँ बाखा गोठालो के के गरिस् थाहा छैन र ? मैले मात्र गल्ती गरेको छु हँ ! ओहो ऽ सँधै आफैमात्र रजाइँ गर्ने भन्ठानेको होला । तेरा दिन गए अव मेरा दिन आए । लामकानेले झट्का हान्दै गयो । लामकानेको झट्कामा रमाउँदै चार पाँच जना ठेट्नाहरू टेवल ठोक्दै थिए । हो हो, होइन भन्ने को हो ?

गनगन टोली र वरिपरिका स्वाँठहरू पनि अर्कोतिरबाट भन्दै थिए छाडिन्न । त्यसै कुर्सीमा बस्न पाईन्छ ? कहिले जालसाँझी गर्ने, कहिल ठगी गर्ने अनि फुत्त दुनियाँलाई डुवाएर हिरो बन्ने ?

देख्ने अर्काको टाउकाको जुम्रो हो, आफ्नो भैंसी होइन । मैले गर्दा चाँही हिरो बन्ने भनेर आरोप लगाउनेले आफूले गरेको चाँही केही देख्नु पर्दैन ? तैले चाँहि के गरिस् । कहिल्यै आफ्नो अनुहार हेरेको छस् । अरूलाई पाए मात्र खोक्ने ? त्यस्ता खोक्न हाम्ले पनि जान्या छम् ।

सँधे उनीहरूले मात्र कब्जा जमाईरहनु पर्ने । अरूको पनि पालो आउनु पर्यो नि । धेरै करकर नगर, मैले फेरि सवै खोतल्छु नि । मेरो खोइरो खन्ने काम नगर ? बाखा खाने वोका !

ओइ ऽ त्यहाँ बसेर फूर्ति नगर हौ सुग्रिव ! कसले खायो बाखा, बोका, मासु तँलाई वोका । जे पायो त्यही बोल्दो रैछ । आफू मुनिका कार्जेकर्ता बनाएर आफ्नौ छानविन पनि कतै हुन्छ । सक्छन् भने आसन छाड्न । आसन नै नछाडी अनेक थरी कुरा गर्दै नगर । खेल्ने भए एक्लै एक्लै भिड्न आईज । सक्छस् ? साईवर स्यालहरू देखाएर मलाई धम्क्याउने काम नगर है भन्दिएको छु ।

साईवर स्यालका कुरा किन ? सक्छन् भने तँ पनि राख्न । तँलाई त पत्याउन पनि त पर्यो नि । ऊ बेला पत्याए भन्दैमा सँध पत्याउँछन् र ? एक पटकको मुर्ख जनता हुन् पत्याईहाल्छन् । सँधे भरी एउटै ठाउँमा बसेर खाईरहने । ठेक्का पट्टा गर्न नपाएपछि मलाई रिस । ऊ बेला मैल गरेको गुन सवै विर्षिछन । ठिकै छ । भोलीका दिन हामी पनि हेरौला । दिन त हाम्रो पनि आउला नि । कम्ला गरेका छौं मलाई । दुख दिन पनि कम दिएका छन् । अहिलेसम्म पनि चुप लागेर बसेको छु । यस्तो दिन आउँछ तिमीहरूलाई । अनि थाहा पाउँछौं । पर्ख ।

हेरौं, खुत्लाऽईदेउ त्यस्ता कुरा । हामी पनि कच्चा खेलाडी हो र ? कस्ता कस्ता काण्डलाई एकैछिनमा झिरिप्प पार्न पनि सक्छौ । सनु काण्डदेखि नून काण्डसम्म जोगाउनेलाई ठिस हान्ने ? गनगनले अर्ति उपदेश दिँदै पनि निकै झवाँक चले पछि सुग्रिवको ओठ ताल् सुके छ कि क्यो हो । एक लिटर पानी कलकल पिए ।

अनि चिच्याए- 'अव त्यसै छाडिन्न' सुग्रिवले चिसो पानी खाएसँगै अलि अलि जोश पठाए । यता सुग्रिव बोल्दै जादाँ लामिछानेहरूको पैदल मात्र भन्ने चर्चा गराए । जस्तो काम के भयो ? सरकारी गाडी चढ्न पाको छ दैन । अव त सिधा कुरा मात्र हुन वाँकी छ । जनताले विश्वास गरेपछि तिमीले विश्वास गर वा नगर ।

अब पालो हाम्रै हो । विगतदेखि वर्तमानसम्म हेर्ने मान्छेहरू देख्न पाएको छैन । सवको कुरा सवलाई थाहा छ किन भन्न भनेर मात्र हो

आफै कुरा लगाउने अनि आफै विशेष चीज भनेर भन्दै हिड्ने । यो अव अव अति भो । अति हुँदा हुँदै खति नहोस भनेर हामी लाग्या छौ । तिमीसँग ठूला मान्छेहरू, तिमीसँग एसम्यान पनि चाहिन्छ । उसलाई चाही के चाहिएको छ भन्दा सत्ता चाहिएको छ । सत्ता विना अरू कुरा चाहिदैन । हामीले त भोग्यौ । तपाईलाई जे चाहिन्छ त्यही भन्नु ।

नयाँ टेण्डरबाट अलि अलि भएपनि खुराक आईसक्या छ । अव छाड्ने कुरा त हुँदै हुँदैन । कि वारी हुन्छ कि पारी । चोक्टा खान गएकी बुढी झोलमा डुवेर मरी हुन दिँदैनौ । चोक्टा खान गएपछि चोक्टा नै खाने हो । तिम्रा सवै कुरा हेरि पनि सक्या छ देखि पनि सक्या छौ । बरू सेतो घर छाडिन्छ तर तिमीलाई छाडिन्न । हेप्ने पनि सिमा हुन्छ नि । पुरै खुँइलिने गरी एकोहोरो पेलेको पेलै गर्ने पनि हुन्छ । तैले खान हुने मैले खान नहुने । तैले चोर्न हुने मैले चोर्न नहुने ! अव तैले जे गरेको छस् म पनि त्यही नै गर्ने हो । यही बसेर गर्ने हो । सेतो दरबार भित्रै बसेर तरवार चलाउने हो ?

तिमीहरूले वर्षौ लुट्यौ, ठग्यौ । अव मैले पनि ठग्ने हो । लुट्ने हो । तँ भन्दा म के कम देख्याछस् । हेर्दै जा कि सहकारी छैन कि बाखा छैन । केटो अव भिड्न हिड्यो हिड्यो । एक कान दुई कान मैदान ल आईज भिडौं कहाँ भिड्ने । तँ चोर म पनि चोर ! तैले चोरेका थिईस अव म पनि चोर्न आको हुँ के गर्छस । पाखुरा सुर्कासुर्की चलिरह्यो सेता घरमा । सेतो घरमा आजकल यस्तै महाभारतका कौरवहरूको कुरा छ, हेर्नेलाई लाजमर्दो ।

जुन जोगी आएपनि कानै चिरेका । कस्ता कस्ता आए गुलेली खेलाए मट्याङग्रा सत्यानाश ! समाजमा चलेको यो उखान र लोकतन्त्र हाँक्ने सेतो घरभित्र यस्तै यस्तै कलङ्क छ ।

# यो कस्तो खाले गणतन्त्र हो ?



सुरेशकुमार पाण्डे

२०४६ सालमा बहुदल आयो, चलेन । २०६५जेठ १५मा गणतन्त्र आयो, यसले पनि लछारपाटो लगाएन ।

तानाशाही फालेर लोकशाही ल्याएको, नेताशाही बन्नपुग्यो । एउटा राजा फालेको, हजारौं राजा जन्माइयो । जनताले हिजो सुख पाएनन्, अहिले झन दु:ख पाए ।

जो सम्विधानसभाको निर्वाचन २०६४ साल चैत्र २८ गते सम्पन्न भएको थियो । करिव चार वर्ष पछि विस.२०६९जेठ १५ गते पहिलो सम्विधान सभा भङ्ग भयो । दोस्रो सम्विधान सभाको निर्वाचनले २०७० मंसिर चार गते सम्पन्न भयो । ठुलो शंघर्ष र जनताको खबरदारी पछि २०७२ असोज तीन गते यसै सम्विधान सभाबाट नेपालको सम्विधान २०७२ जारी गरियो । सम्विधान राम्रो भनियो तर जनताका कयौं समस्याहरू संवोधन नै गर्न सकेन ।

सम्विधान अहिलेपनि जनताले बुझ्न सकेका छैनन् । आखिर यो कस्तो खालको गणतन्त्र हो ? पुँजिवादी मूल्य र मान्यता समेतलाई लत्याएर विदेशीको सहयोगमा सरकार बन्छ । अनि मनोमानि गर्दछन् र भन्छन् देशभित्र गणतन्त्र आएको छ ।

जनताले पटक-पटक आन्दोलन गर्छन्, समस्या ज्युँका त्युँ हुन्छन् ।

बहुदल आएपछि संसदमा पहिलो पटक कालापानीको मुद्धा उठ्यो तर मुद्धा उठाउने देशभक्त २०५१ सालका भौतिक पूर्वधार मन्त्री प्रेमसिंह धामी २०५४ साल भदौमा नुवाकोटको ककनीमा गाडि दुर्घटनामा बिते । त्यसपछि लामू समय सम्म कालापानीको मुद्धा कसैले पनि उठाउने हिम्मत गरेनन् । मदन कुमार भण्डारी र जिवलाल आश्रितको दास ढुङ्गा घटना घट्यो । रहस्य अझै सुल्झिन सकेन ।

राजाले सत्ता खोसे भनेर २०६३ को जनआन्दोलन भयो । यो जनआन्दोलनमा माओवादी जनयुद्धकारीसमेत मिसिए, मिसाइए । लोकतन्त्र आयो । लोकतन्त्रको १८ वर्षमा भ्रष्टाचार र महंगी, कालो बजारी र विदेशीको हस्तक्षेप पढ्दै गएको छ ।

हरेक नेता भ्रष्टाचारले डामिएका छन् । प्रधानमन्त्रीपछि गृहमन्त्री माथि छानबिनको माग भइरहेको छ । सत्ता पक्षले ढाकछोप गर्छ, संसदसमेत अवरूद्ध भयरहेछ । राष्ट्रिय अन्तरराष्ट्रिय स्तरमा यसको संदेश कस्तो पगेको होला ?

हाम्रो छिमेकी मूलुक भारतको बिहारमा जतिवेला लालुप्रसाद यादव मुख्मन्त्री थिए उन्लाई चारा घोटालाको आरोप लाग्यो । कुल ९५० करोडको चारा घोटालामा उनिलगायत अन्य दिग्गज मुछिए । १९९६मा लागेको आरोप सन १९९७ मा मुख्यमन्त्री पद छाडे । ३ अक्टुवर २०१३ मा पाँच वर्षको जेल सजाए र २५ लाख जरिमाना भयो । अहिले दिल्लीका मुख्यमन्त्री अरविंद केजरिवाल बिबादमा छन् ।

लोकतन्तमा कानुन भन्दा माथि कोही हुँदैनन् । तर नेपालमा...?।

गृहमन्त्रीलाई सहकारीको धन दुरूपयोग गरेको आरोप छ । कांग्रेसका सभापति र पत्नी आरजुमाथि जग्गा घोटाला, हवाईजहाज भ्रष्टाचार काण्ड छन् । प्रधानमन्त्रीमाथि अनेक भ्रष्टाचारका काण्ड छन् । ओली पनि चोखा छैनन् । स्थिति कुनै एक व्यक्तिमाथि छानबिनको होइन, अधिकार सम्पन्न कानुनी आयोगको आवस्श्यकता छ, जसले ०४६ सालपछिका सबै भ्रष्टाचार काण्डको छानबिन गरोस्, दण्ड तोकोस् र जोसुकै हुन्, तिनीहरूमाथि कडाभन्दा कडा कारवाही होस् ।

नेपालमा गणतन्त्र छ, गणतन्त्रको आचार सहिंताको धज्जियां उडाइयो ।

सवाल गृहमन्त्री रवि लामिछानेबाटै उठेको छ । संञ्चार कर्मि रविलामिछाने सन २०१३ को अप्रिलमा नेपालको न्यूज २४ टेलिविजनबाट लगातार ६० घन्टा भन्दा बढी समय सम्म अन्तरवार्ता चलाएर चर्चामा आएका थिए । उनि एक दशक सम्म अमेरिकाका नागरिक सहित रहेका लामिछानेले २५वर्ष पुरानो वैवाहिक जीवनको विटमार्दै आफैले प्रेम विबाह गरेको लाई छाडे र पछि आर्की निकिता पौड्याल सँग विबाह गरे । भनिन्छ उनको कयौं महिलासँग नाम जोडिएको थियो । यति हुँदा पनि देशमा बढेको अन्याय र अत्याचारका मुद्दा उठाएर जनमत प्राप्त गर्न सफल भए । उनीमाथि नागरिकता, पासपोर्टका अनेक काण्डहरू छन् ।

यस्ता काण्ड अनेक नेताका छन् । कुनै नेता सफा लाग्दैनन् ।

एकातिर प्रतिपक्षहरूले आन्दोलन गरेकाछन् आर्को तिर सरकामा बसेका प्रधान मन्त्रीले बिस्वासको मत हासिल गरिसके । प्रश्न यत्ति छ, राजनीतिका सन्दर्भमा अर्थात लोकतन्त्र, अब तेरा क्या होगा रे कालिया ? भनेजस्तो ।

देशमा आएको गणतन्त्रले एउटा मुख्य संदेश के लिएर आयो भने लुट्ने, ठग्ने र अपराध गर्नेहरू नै शक्तिशाली हुँदारहेछन् । एकजना प्रधानमन्त्रीको सिटमा बसेर भन्छन् मैले पाँच हजार हत्या गरें । आफै हात्यारा भएको कवुल गर्छन् । उनी आफै भन्छन्- मलाई सरकारमा बसाल्न छिमेकीले ठुलो सहयोग गरेको हो । यिनलाई पहिले कांग्रेसले बोकेर सत्तामा पुर्‍यायो, अहिले एमालेले टिकायो ।

यो कस्तो गणतान्त्रिक लोकतान्त्रिक पद्धति हो, जहाँ नैतिकता नै हुँदैन ।

वैदेशिक रोजगारमि गएको एउटा लाहुरेलाई एउटा मोबाइल, बालबालिकालाई चकलेट, बुढा आमालाई केही लिएर आए भन्सार लाग्छ । तर करडौं / अरबौं रूपियाँको तस्कर खुलेआम हुन्छ । धेरैजना बैंक डिफल्टर छन् ।

के यो मन्त्रीहरू वा पावरफुल व्यक्तिहरूले आफ्नो शक्तिलाई दुर्पयोग गरेर भ्रष्टाचार गरेको होइन ? जनताले के बुझ्ने ? आम सर्वसाधारणका लागि आएको गणतन्त्र खै ? देशभित्र रोजगार छैन । संसदमा तमासा हुन्छ । विदेशीले गौतमबुद्ध लाई आफ्नो देशमा जन्मिएको दावी गर्छन् । आफ्नो नक्सामा कपिल वस्तु र लुम्बिनी राख्छन् । त्यसबारेमा संसदमा, सरकारमा चासो नै राखिदैन ।

बरू संसदभित्र सबैले लुट्न पाउने छुट हुनुपर्छ भन्नेमा एकमत देखिन्छ । उसले लुट्यो हामीलाई लुट्न दिएनन् भन्ने चिन्ता छ । राष्ट्रियताको हितमा र गणतन्त्रको रक्षाको लागि जनजिविकाको सवालमा कसैले आवाज उठाउँदैनन् । गणतन्त्र दिवस मनाइन्छ, अनेक दिवस मनाइन्छ, लोकको सहभागिता नै हुँदैन । देशभित्रका गरिब श्रमजिविहरू जो न काम पाएकाछन्, न ज्याला, युवाहरू विदेशीन बाध्य पारिउका छन्, उनिहरूलाई के थाहा गणतन्त्र, ।आखिर कुनचराको नामहो गणतन्त्र ?

सरकारले वर्षमा एउटा उद्दोग खोलेर गणतन्त्र दिवस मनाएको भएपनि डेढ दर्जन कलकारखाना खुलेका हुन्थे । युवा जमातको कन्तबिजोग हुनेथिएन ॥

चुनावको वेलामा कैयौं झुठा आस्वासन र दन्ते कथा सुनाएर देशका नागरिकको बुद्धी भुट्ने बाहेक यी असक्षमहरूले देश र जनताको हितमा कतै काम गररेनन् । जनताको चासोको बिषय भनेकै यो कस्तो गणतन्त्र हो भन्ने छ ।

बहुदल आएपछि भएका उद्योग भृकुटी कागज खारखाना,हरिसिद्धी इंटा-टायल, चलचित्र विकास कम्पनी, बांसबारी छालाजुत्ता उद्दोग, बालाजु कपडा उद्दोग, कांचो छाला सङकलन र विक्री, बिटुमिन तथा ब्यारेल उद्दोग, नेपाल ल्युब आयल, रघुपति जुटमिल्स, नेपाल ढलौट उद्दोग, नेपाल चिया विकास निगम, बुटवल पावर कम्पनी, भक्तपुर इंटा तथा टायल आदि सबै कौडीका मूल्यमा बेचिए । नयाँ खुलेनन् ।

बेरोजगारी बढ्यो, युवा विदेशीन बाध्य हुनपुगे । अनि कसरी नागरिकलाई गणतन्त्रको आभास हुंने ? देशको अबस्था जटिल छ । सरकारले पटक पटक नागरिकतामा संशोधनगरेर विदेशीहरूलाई खुसि पार्ने पर्यत्न गर्दै आएको छ । राष्ट्रघाती काम हरेक दिन भइरहेको छ । राजनीतिको अर्को नाम दलाली हुनपुगेको छ ।

अहिले गणतन्त्र आफै पनि धरापमा पर्दै गएको प्रष्टै छ । यो गणतन्त्रले नेताहरूको घैंटोमा घाम लागोस्, राष्ट्रियता गणतन्त्रको रक्षा र जनजिविकाको लागि आधार तैयार पार्ने सदबुद्धी पलावस् । यही शुभकामना छ ।

# भत्किदो कूटनीति सच्याउने, सम्हाल्ने नेतृत्व कोही भएनन्



काठमाडौं । प्रवुद्ध समूहले अनुसन्धान गरेर बनाएको नेपाल भारतवीचका समस्या र समाधानका उपायहरूको रिपोर्ट भारतले बुझ्न मानेन भनेर नेपालमा रोइलो भइरह्यो ।

न रिपोर्ट लेख्ने प्रवुद्ध समूह, न नेपालले नै त्यो रिपोर्ट भारतले बुझ्नैपर्छ भनेर कूटनीतिक दबाब दिनसके । उल्टै भारतले सीमा समस्या समाधान गर्ने उपायका बिरूद्ध नेपालका सीमा अतिक्रमण गरिह्यो । कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतको नक्सामा मिलाइदियो । नेपालले आफ्नो नक्सा संविधानमा राख्यो र चूपचाप बस्यो ।

न नेपालले जनगणना गर्दा नेपाली भूमिका नेपालीको गणना गर्नसक्यो, न आमनिर्वाचन हुँदा ती नेपाली भूभागमा बसोबास गर्ने नेपालीलाई मतदानको अधिकार नै सुरक्षित गर्नसक्यो ।

भारतले नेपालका लिम्पियाधुराका गाउँलाई भाइब्रेन्ट भिलेजका नाममा बिकास गरिरहेको छ, यो विकास कुनै प्रान्तले होइन, प्रम मोदीको भारत सरकारको बजेटबाट भइरहेको छ ।

कहाँ छ नेपाल ? किन असक्षम र असहाय भइरह्यो नेपालको कूटनीति ? क्यारियर डिप्लोमेटबाट सम्भव छैन, राजनीतिक र कूटनीतिक व्यक्तित्वबाट हुनुपर्ने काम हुनसकेन । यसको अर्थ नेपालको कुटनीतिक ज्ञाताहरू असक्षम छन्, राजनीतिले कूटनीतिक क्षमता देखाउन सकेन, कुटनीतिक क्षमतावानहरूको सहयोग लिनसकेन ।

डा.भेष बहादुर थापाले म बुढो भइसकें, तैयार भएको इपीजी रिपोर्ट भारत र नेपालका प्रधानमन्त्रीले बुझ्न मान्दैनन् भने हामीले के अध्ययन गर्‍यौं, आफै सावजनिक गरौं भनेर तरङ्ग उत्पन्न गरेका थिए । यसो भनेको पनि लामो समय भयो, डा. थापा मौन छन् । उनको कूटनीतिक क्षमता थियो, उनले गरेनन् ।

थापाको जवाफमा अर्का भारतीय पक्षका इपीजी सदस्य महेन्द्र पी लामाले सार्वजनिक गर्नेबारे कुनै छलफल भएको छैन भनेका छन् । प्रतिवेदन तैयार भएको ६ वर्षसम्म पनि भारतले बुझ्न नचाहनुको रहस्य के हुनसक्छ ? यसको उत्तर हालैको भारतका विदेश मन्त्रीको प्रतिक्रियाबाट बुझ्न सकिन्छ ।

नेपालले नक्सामा लिपुलेक, लिम्पियाधुरा र कालापानी राखेकै थियो, सयको नोटमा चुच्चे नक्सा राख्ने नेपाल सरकारको निर्णयको लगत्तै भारतीय विदेशमन्त्रीले जवाफ फर्काएका छन् । नक्सामा तलमाथि हुन्न । जमिनको स्वामित्वमा पनि हेरफेर हुनेछैन ।

अर्थात् नेपाली भूमि भारतीय नक्सामा राखेपछि भारतले पचाउने मनसाय राखेको छ ।

यो अवस्थामा कूटनीतिक क्षमता प्रदर्शन गर्ने बेला हो । तर राजनीतिको लम्पसारवादी नीति र कूटनीतिको पतनमार्ग अँगालेको नेपालका लागि आफ्नै भूमि आफ्नो हकाधिरमा ल्याउन सक्ने अवस्था छैन । नेपालले न त भारतसँग कुरा गर्न सकेको छ, न त अन्तर्राष्ट्रिय समुदायमा लविङ गरेको छ, न अन्तर्राष्ट्रिय अदालतमा जाने हिम्मत गर्नसक्छ, न त राष्ट्रसंघलाई नै गुहार्न सक्छ ।

नेपालको कूटनीतिक क्षमता नभएकोले नै अर्को छिमेकी चीनले समेत बेवास्ता गरेको छ । नेपाल असंलग्न थियो, एमसीसीदेखि रूसविरूद्धको युद्धमा उभिएपछि नेपाल असंलग्न नरहेको धेरैको दावी हुनथालिसकेको छ । नेपाल संलग्न हुनु भनेको नेपालको अस्तित्वमाथि खतरा हो । नेपालले परम्परागत नीति किन छाडेको हो, छाडेर किन राष्ट्रियतामाथि खतरा उत्पन्न गराएको हो भन्ने विषयमा नागरिक समाज, बुद्धिजीवी, कूटनीतिक ज्ञाताहरूसमेत बोल्न सकिरहेका छैनन् । सबैको गुनासो छ, सरकार एकलौटी चल्यो ।

हुन त प्रवुद्ध प्रतिवेदन त्यतिबेलै एक सदस्यले चीन र अर्का सदस्यले भारतमा पुर्‍याइसकेको भारतीय आरोप सार्वजनिक भएको थियो । त्यो प्रतिवेदनमा नेपाल-भारतबीचका सीमा समस्या, समाधानका उपाय, खुला सीमा नियमन गर्ने तरिकादेखि पर्खाल नै लगाउने सम्मका सुझावहरू समेटिएका कारणले पनि भारत यो रिपोर्ट बुझ्न अनिच्छुक छ । नेपालका लागि भारतीय राजदूत नेपालमा हुन्जेल मौन बसे, भारतको विदेश सचिव भएपछि जेठ २ मा इपीजी स्वतन्त्र रिपोर्ट हो, यो रिपोर्ट सम्भवत: अरूसँग पनि हुनसक्छ भनेर शंका उठाए । वर्तमान भारतीय राजदूतसमेत यो विषयमा बोल्न चाहदैनन् ।

रिपोर्ट यथाशीघ्र हस्तान्तरण गर्ने र सम्भव नभए जनसमक्ष ल्याउने नेपाली पक्षको कुरा सुनेपछि एकाएक नेपालका लागि भारतका पूर्व राजदूत रंजीत रे काठमाडौं आए, विषयान्तर पारिदिए । अहिले यो विषय हरायो ।

इपीजीमा नेपालका तर्फबाट डा.भेषबहादुर थापा, नीलाम्बर आचार्य, राजन भट्टराई र सूर्यनाथ उपाध्याय थिए । थापाले लामो समयसम्म रिपोर्ट संयोजकसँगै रहनु उचित नहुने भनेर सरकारलाई दिएको बताएका थिए । सरकारले त्यो रिपोर्ट काखी च्यापेर बसेको अवस्था छ ।

दुबै देशका प्रधानमन्त्रीको सहमतिमा गठन भएको इपीजी समूहले तैयार गरेको प्रतिवेदन बारे भारतले बेवास्ता गरेको छ, विदेश सचिवले स्वतन्त्र रिपोर्ट भन्दै शंका गर्नु र नेपाल सरकारको मौनताले आपसी सम्बन्धको चिसोपन झल्किन्छ ।

इपीजी रिपोर्ट बेवारिसे भइसकेको बुझ्न सकिन्छ ।

गोप्य रूपमा फोटोकपी जिम्मेवारहरूले पाइसकेकोले दुबै मुलुकको पारस्परिक हित अझ उचाइमा पुर्‍याउने उद्देश्यसहितको इपीजी रिपोर्ट दु:खद अवसान हुनपुग्यो ।

२०७२ सालको चैतमा गठन भएर २०७५ असारमा अन्तिम बैठक बसेर रिपोर्टलाई अन्तिम रूप दिइएको थियो । सुरूमा दुबै सरकार प्रमुखलाई संयुक्त रूपमा रिपोर्ट बुझाउने सहमति थियो, भारतले त्यो सहमति एकतर्फी रूपमा तोडेको छ । यसबारेमा भारतपक्षका सदस्यहरू भगतसिंह कोशियारी, डा. महेन्द्र पी. लामा, जयन्त प्रसाद र डा. बिसी उप्रेती पनि मौन छन् । यो रिपोर्ट अब भारतले नबुझ्ने पक्का छ ।

यो रिपोर्ट भारतले बुझ्न नमान्नुमा १९५० को सन्धि प्रतिस्थापन र खुला सीमा नियमनबारे सुझाव समेटिएको प्रमुख कारण बताइन्छ । यो रिपोर्ट बुझ्नासाथ नेपालमा युवाहरू सीमा नियमन र सन्धि प्रतिस्थापनका लागि आन्दोलित हुने भारतको ठम्याइ रिपोर्ट कुहाउने मुख्य कारण हुनसक्छ । थप कारण भनेको नेपालको कूटनीतिक क्षमतामा दिनदिनै आएको ह्रास मुख्य कारण हो भन्न सकिन्छ ।

# In the context of Exemplary Social Worker of Kabhre Banepa - Let us follow Mr. Ram Raja Dhaubadel Banepa



**Dr. Uttam Karmacharya**

**Bhaktapur**

**Former consultant advisor of Banepa Municipality**

To be a college graduate and get master degree in any academic field is not a great job but to be a renowned Social Worker is a very challenges and difficult job. That is why most people do not like to involve in social work and to be a social worker. Therefore I was quiet interested to know the qualities a person we need to be a good social worker.

During different program of Banepa Kabhre organization Events / functions, I used to meet Lions Charter President of Lions Club of Kabhre Banepa Mr. Ram Raja Dhaubadhel in different post and capacities as he was involved in different social organizations of Banepa and International / National organization of Nepal . In other words I knew him from his very childhood.

On the last anniversary Day of Heart Foundation of Kabhre Banepa organized at Kayastha Banquet Banepa dated Falgun 05 Saturday 2080, I met Mr. Ram Raja Dhaubhadel admit huge and distinguished gathering of different walks of life. He was kind enough to distribute Lions Document of Lions Club of Kabhre Banepa around 15/16 pages. It was all about his involvement as a founder charter president of Lions Club of Kabhre Banepa . After going through his /this full documents I was highly interested to know about his biodata to analyse his inspiration to be a successful social worker to establish international organization as Lions Club of Kabhre Banepa and other several national social organizations including his involvement in other social organizations

10 Characteristics we Need To Have As A Social Worker

The role that a social worker plays in the lives of their clients is paramount to the mental health of their clients and the outcome of their cases. This not only requires multi-skilled individuals but those who possess traits that their clients can identify with and can trust.

Empathetic

Arguably the most important characteristic of any social worker, empathy is the ability to identify with and understand another person's situation and the emotions that they are going through, in order to provide comfort and support, as well as provide solutions to the issues they are experiencing.

Social Perceptiveness

To be empathetic, you also need to have great social perceptiveness. This not only includes good listening skills but also being able to read between the lines, to help your clients talk about the issues that are not so easy to discuss

Organisation

Social workers often have to cope with busy schedules, as well as caseloads and paperwork, so being able to manage and prioritized your role as a whole is also a necessity, ensuring you give your clients as much meaningful time as is possible.

Patience

Social work definitely requires patience, especially with complex cases that involve various people and differing goals. It also takes time to build up trust between you and your clients, who may not be eager to talk or



even be able to communicate exactly what they require.

Dependability

A key indicator of trust is how dependable you are. Your clients may come to you for personal and legal advice, and your opinion will be taken more seriously if they trust you. Your clients need your support regardless of the day or the hour, and you need to be there for them through the tough times.

Objectiveness

Empathy is important, but you also need to remain objective throughout your time with a client. Your clients need you to keep a level head in order to help them deal with their circumstances, ensuring you both make informed decisions about what to do next.

Flexibility

Social workers don't adhere to the usual 9-5, working to the requirements of the cases that you're on. For example, if a client is rushed to the hospital, or ends up in jail, you may need to visit them immediately

Resilience

There will be cases that will get to you, but you can't let your feelings interfere with providing the best possible support for your clients. Your clients may be dealing with insufficient care, abuse, bereavement, and poverty among other challenging issues, and though it can be heartbreaking, you've got to realize that you helping them is the only way the situation will get better, and you should try to see the positives in that. You need a thick skin, and belief in yourself that you can do this.

Ability to Switch Off

Take advantage of any free time that you get, because as we've mentioned, out-of-hours work can be common practice for many social workers. Knowing how to relax so that you don't burn out is not only important for your own personal health and happiness but ensures that you can provide your clients with the best possible service.

PassionAt the core of all traits, you have to have passion for the job so that you're motivated to do right by your cases, offering sincere advice, providing immediate assistance, and instilling trust that you have their best interests at heart. You've got to really want to make that difference. You've got to take the wins, work hard to achieve them, and not let setbacks interfere..

**Mr. Ram Raja Dhaubhadel and his exemplary life profile**

To date he is around 73 born in Banepa Wokutol kabhre Banepa.

1. Patron Member and Supporter of Janmat literary magazine since its founding. Janmat is classified as an 'A class' magazine by Government of Nepal and published by Mr. Mohan Duwal

2. Founder Member and Central Executive Committee Member of Human Rights Organization of Nepal(HURON)

3. Member of Board Directors at Bishal Bazar Company Ltd. Sukra Path, Kathmandu, from B.S. 2038 to B.S. 2044

4. Advisor at Nepal Yatayat Byawasahi Sangh Central Committee (currently known as Federation of Nepalese National Transport Entrepreneurs), Maitighar Kathmandu, from B.S. 2041 to B.S. 2046

5. Treasurer at Shree Chandeswori Mandir Reconstruction and Roof Improvement Committee, Banepa,Kabhre, B.S. 2057 He led the fundraising campaign, successfully garnering donations totaling NRs. Six crores andThirty Lakhs from the local community of Banepa to facilitate the restoration of the temple. Thefunds were allocated towards restoring the temple to its original grandeur, meticulously reconstructing its architecture from the very foundation. Notably, the temple roof was reconstructed using eight and a half tons of copper, and plated with 19 kilograms of gold, ensuring its preservation for future generations to admire.

This extensive restoration project was executed in close collaboration with esteemed entities such as the Government of Nepal Archaeological Department, Tribhuvan University Engineering Department, under the guidance of Professor Prem Nath Maskey, and the Government of Nepal Department of Urban Development and Building Construction, led by the respected Director,Surya Bhakta Sagache. Additionally, the project benefited from the expertise of Engineer Ram Govind Shrestha, a lecturer at Bhaktapur Khwopa Engineering College, among others.

As a pivotal member of the project team, I played a crucial role in various aspects of the restoration endeavor. This included facilitating the creation of comprehensive architectural plans, drafting detailed descriptions of the proposed restoration works, obtaining requisite approvals from the Archaeological Department, and conducting crucial consultations. He also ensured the timely presence of technical and archaeological personnel at the temple site,oversaw the recruitment of skilled craftsmen, chaired meetings to establish fair salary rates, maintained meticulous records, and established a dedicated bank counter within the temple premises for donation collections.

6. Charter President of Lions Club of Kabhre Banepa founded on Thursday, 30 th of March, 1978 A.D.(17 th Chaitra, 2034 B.S.), Club Number 035306 and Continued active involvement with Lions Club for 46 years

He gtot Zone Chairman of Lions Clubs International, awarded Hundred Percent Zone Chairman Award.He was Awarded Hundred Percent President Award twice and he got Region Chairman, awarded Outstanding Region Chairman Award. He also got multiple Outstanding Award from International Presidents and International Directors in various years

7. Chairman of Banepa Lions Cardio Clinic (Heart Treatment Center) run by Lions Club of Kabhre. Banepa .The Lions Club International Fund (LCIF) graciously awarded NRs. Ninety-five lakhs and Fourteen Thousand for the acquisition of heart-related medical equipment. With the additional support of generous donations from local residents, we procured modern medical equipment valued atNRs. One Crore and Sixty Lakhs, including Echo, ECG, TMT, video x-ray machines, and more.

These cutting-edge tools were instrumental in facilitating a collaborative initiative between theLions Club of Kabhre Banepa and the Nepal Heart Foundation Kabhre at the Lions Service Centerin Ghokechaur, Banepa.

The primary objective of this joint project was to establish an accessible and affordable heart-related medical clinic for the local population. Through the expertise of highly qualified medical professionals holding advanced degrees, including cardiologists and specialists,

8. Chairman of Lions Club of Kabhre Banepa Building Construction Committee. Collected and mobilized resources for the construction of Lions Service Center of Lions Club ofKabhre Banepa situated on land owned by the club. The construction involved RCC structure and a built space of seven thousand square feet with fourteen hundred square feet in each floor.

9. Member of Management Committee of Kabhre Multiple Campus. He played leading Role in the reconstruction of historical 'satal' within the Dhaneshwar Mahadev Temple located at Dhaneshwar, Banepa, Kavreplanchok District. This involved spearheading various aspects such as architectural drawings, cost estimation, and the establishment of a technical committee.Additionally, played a key role in securing approvals from the Government of Nepal and orchestrating site visits by notable figures including Mr. Sushil Ghimire, former Secretary of theScience and Culture Ministry, and Mr. Bhesh Narayan Dahal, Director of the Archaeology Depart., along with other technical experts. Furthermore, played a pivotal role in securing the budget from the Nepal Government, organizing the foundation stone-laying n ceremony.

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 12 **Foot in the Door**

Even Das appeared to-be abandoning initial attempts at objectivity: hescemed powerless to control the three Indian OSDs who had become deeply involved with the JAC. K.M. Lal, in particular, was Kazi's alter ego; and if the official grapevine was to be believed, he suggested what steps the Sikkim Congress leader should take, drafted his letters and statements, and egged him on into further confrontation with the durbar. Kazini was languishing irritably in Kalimpong; but in Gangtok, her husband suddenly acquired a commanding voice and a fluent pen, proclaiming novel points of view with a legal conciseness that surprised everyone who had known him before. All three officers were supposed to serve the durbar under the chief executive's orders, but they were obviously closer to India House and did not bother at all with the Chogyal or his officials. They had become Sikkim's dc facto administrators, working in close cooperation with Khatiawara, Subeidi, and other young Nepalese activists.

They were partly responsible for disgraceful displays when the Chogyal toured the south and west. His earlier visit to the north had turned out to be a triumphal success; but the northern district. which turned out to greet its ruler with flags, bunting, khadas, gaily caparisoned yaks, chhang, and cheering crowds, was still governed by a Sikkimcse civil servant posted at Mangan. There were very few Nepalese settlers in his area. The west and south were demographically and administratively different: Bhutiya-Lepchas had been driven away many decades earlier, and Manavalam and Sanyal turned a blind eye to preparations for one of the country's most inglorious exhibitions. Rows of demonstrators screamed abuse at the royal entourage, arches were strung with old shoes and tattered petticoats, even dogs garlanded with derisive placards. "Chogyal sex crazy bastard", "Chogyal the murderer", and "Drunken bastard go home" were some of the slogans said to have been painted by school children in their classrooms and put up with CRP assistance. Giggling wantonly, Kazini wallowed in intimately embarrassing descriptions of some of the more vulgar physical displays along the royal route. She also presented callers with a broadsheet titled "Chogyal's Bid Foiled" which compared him to England's Charles I and Edward VIII, and denounced as "opportunists, deceivers, illiterate and crude" both "the despised and loathed Karma Topden and Captain Roland Chhetri" who had organized the tour. The Chogyal bore the ordeal in dignified silence, taking no notice of the insults and humiliations suffered in Namche and Gyalzing. Even the chief executive was impressed by his restraint.

But Das had his orders, which became clear when he wrote to Tarachand Hariomal, judge of the Central Court and head of Sikkim's judicial department, to ask why the judiciary should not report to the chief executive. Hariomal did not know that the 23 April agreement had expressly laid down that "the judiciary will remain independent", but he had grown old in the service of justice and would not be budged from his understanding of propriety. Hariomal had qualified as an advocate in 1935 and had practiced in Karachi until partition when he migrated to India to join Uttar Pradesh's higher judicial service, retiring as a sessions judge in 1968. R.N. Haldipur, then Sikkim's principal administrative officer, offered him the post of chief magistrate, equivalent to district and sessions judge in charge of the kingdom's four districts. The appointment was originally recommended by New Delhi's law ministry which had studied Hariomal's service record and been impressed by his honesty, integrity and wide experience. The Chogyal merely approved of it, but when the kingdom's judiciary was reorganized, Hariomal became in effect the chief justice of Sikkim.

He was not prepared to yield to bureaucratic pressure. The judge politely explained to the chief executive that an independent judiciary was answerable only to the throne even in a constitutional monarchy, and that the prized principle of separation of power would be violated if he took orders from the administration. He declined to send his files and explain his decisions to Das and also maintained that tne chief executive could not act as head of state in the Chogyal's absence. There the matter rested for the time being.

The 1974 elections, arbitrary because they were not due, were held against this background of muted tension. Hope had packed her bags and returned to New York with Palden and Hope Leezum, apparently on a visit, but actually never to return. Tenzing was back in Cambridge studying land management. India's chief election commissioner had visited Sikkim and divided the country into 30 constituencies, 15 for each community, representatives to be chosen on the basis of the magic formula of one-man-one-vote. But since morethan 80 per cent of the voters in some of the southern seats earmarked for Bhutiya-Lepchas were Nepalese, it was clear that these legislators would not represent their own group. So it was suggested that each candidate would have to be proposed and seconded by 40 voters, which only ensured a wider base of Nepalese support.

Convinced that the Bhutiya-Lepcha heritage was doomed, the National Party said, why bother¿ It fielded only six men which induced many disappointed members like Rinzin Tongden Lepcha to cross over to the Sikkim Congress. Tsong fears were realized when they were deprived of separate representation and lumped with the Nepalese. Some Lepchas threatened protests because they were still bracketed with Bhutiyas. The Scheduled Castes League announced. a boycott when it was refused seven seats. Nar Bahadur Bhandari, who had formed the Prajatantra Party after severing links with Kazi, was not allowed to register it as a political organization. Recognition was similarly withheld from Sonam Gyatso's nationalist group of United Independents. The two might effectively have challenged. Kazi, but Das was not taking any chances. Undeterred, the Praja tantra Party and United Independents sponsored 51 candidates.

The Sikkim Congress put up 64 men from the 30 constituencies, this curious duplication being explained by Kazi's inability to offend. Khatiawara and his radical peasants organization which disapproved. of many of the party's official nominees. Khatiawara himself had. formally been selected to contest both Soreong and Gyalzing when Kazi agreed that he, as well as Indra Bahadur Gurung, should also stand from Dentam. But Dentam already had an official candidate in the person of Chhatra Bahadur Chhetri who had not been trusted, however, ever since his ambivalence over the executive councillorship the previous year. Unable to throw him out, Kazi and Khatiawara hit on another strategy: with three Congress rivals in Dentam, the Indian election officer, a service colleague of the three OSDs, decided. that they would all have to be independents. The party machinery then supported only Khatiawara, who won with 758 votes against Gurung's 102 and Chhetri's 13.

But the manner of his victory brought enemies in its wake: "Roop Narain Dahal, Nar Bahadur Khatiawara get out of Sikkim Congress" was painted on a culvert six miles out of Gangtok. Krishna Chandra Pradhan, who had secured nearly 96 per cent of the votes cast in Jorethang, the highest by far, felt emboldened to argue that Khatiawara being an independent, need not be taken into account. "The party consists of Kazi and me," he boasted. Krishna Chandra was also the latest favorite in Kazini's court of youthful males. She had fallen out with Khatiawara. and Gangtok loved spicy details of the lurid tales they told about each other. Another anonymous pamphlet, "An Evil Star on the Political Horizon of Sikkim", the surest indication of the venom streaking out of Kalimpong, accused Khatiawara of bigamously marrying Hemlata Chhetri, the representative for Gyalzing, and of falsifying his age. contd...

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# भारतको नाकाबन्दीबाट उत्पन्न असरहरू




भारतीय नाकाले नेपालमा तत्कालिन र दीर्घकालिन असरहरू परेका छन्। तत्कालिन असरहरू आँधि तुफान, भूकम्प या जलप्रकोप जस्तो रूपका देखा परेपनि दीर्घकालिन रूपमा साबधान हुनुपर्ने महसुस गराएकोछ। सन १९८९को नाकाबन्दीका कारण तत्कालिन श्री५को सरकारले आफ्नो नीतिमा सुधार गऱ्यो। भविष्यलाई सोचेर अति सौविद्ध प्राप्त व्यापारमा आधारित नीतिको निर्माण गऱ्यो। ओ.जि.एल.प्रथा (इउभल न्भल( भचर्बाष्किभलअभ क्थकतभ) को विकास र अवलम्वन गऱ्यो। भन्सार दर र व्यवस्थामा आमूल परिवर्तन गऱ्यो। प्रिमियम कम गरियो र ओ.जि.एल.वाट आयात गर्ने वस्तुको संख्या ६२ पुऱ्यायो। निर्यात प्रर्वद्धनमा नगद अनुदानको व्यवस्था गऱ्यो। प्रसोधित छाला जस्ता वस्तुमा २५प्रतिशतसम्म नगद अनुदान दिने नीति लियो। पेट्रोलको संचय क्षमता १ महिनको भएकोमा बढाएर ३ महिनाको बनाइयो। त्यस्तै खाद्यान्न क्षमता ३ महिनाको भएकोलाई बढाएर ६ महिनाको गराइयो भने त्यसपछि पेट्रोलियम पदार्थ सोझै नेपालको ट्याङ्करमा पुऱ्याउने सर्तमा विदेशीसँग खरिद गर्ने निधो गऱ्यो। वेलायती कम्पनिले यसो गर्न अभिरूची देखाए। सिंगापुर र रूसले पनि रूचि देखाएको थियो। सरकारले अरू देशवाट पेट्रोलियम पदार्थ खुला रूपमा आयात गर्न व्यापारीलाई ईजाजत दिनथाल्यो।

भारतबाट आयात हुने प्रशोधित आहारको माग घटाउन जनतालाई सचेत कार्यक्रम बनाइयो, प्रशोधित आहार ५ गुना महंगो र त्यसमा ५ गुना तागत कम हुने तथा त्यो सस्तोमा घरैमा बनाउन सकिने ज्ञान बाँडियो। गाँस, वास, कपास प्रमुख र शिक्षा, स्वास्थ्य, सुरक्षा गौण आवश्यक वस्तुहरू भनेर चेतना बढाइयो। धेरै जसो विलासिताका साधन आयात घटाउन थालियो। जनतालाई परमुखी, अल्छी हुनबाट जोगाइयो। नेपाललाई नभैनहुने अत्याबस्यक वस्तु आफैले उत्पादन गर्ने गृहकार्य गरिए।

सिमेन्ट फेक्ट्रीहरू, भृकुटी कागज कारखाना, शंकर चीम, वोत्तल, ईटा, टायल कारखानाहरू छाला जुत्ता, कागज कारखाना, जनकपुर चुरोट कारखाना, रोयाल ड्रगजस्ता औषधि कारखानाहरू कपडा उदोगहरूलाई उर्जा थपियो। फटाफट निजि र सार्वनिक उद्ययोगहरू संचालन गरिए। मुलुक आधारभूत वस्तुमा १५ बर्षभित्र आत्मनिर्भर हुने अठोटका साथ एसियालिम मापदण्ड स्तर र स्थानीय सरकारबाट रोजगार बृद्धि गनकालार्गि पञ्चायत विकास तथा जग्गाकर(पीडीएलटी) योजनालाई मूर्त रूप दिइयो। देशभर उउटा नयाँ तहल्का ल्याइयो। किनकि त्यसवेलासम्म अनेकतामा एकता भावना जीवन्त थियो।

सरकार र व्यापारीहरूको सामिप्यता बढ्यो। कपडा उद्योगको जडित क्षमता देशको आवश्यकता भन्दा डेढगुना बढी बनाइयो। अतिरिक्त भन्सार दरबन्दीमा परिवर्तन गरियो। तेश्रो मुलुकवाट खुलारूपमा आयात गर्न पाउने; आयात निर्यातमा नेपाल एक राष्ट्रमाथि निर्भर नहुने नीति लिइयो। व्यापारलाई विविधिकरण गरेर अति सौविध्य प्राप्त राष्ट्र (एमएफएन) को नीति अवलम्बन गरियो। कर ब्यापार उद्ययो लगायत अर्थसित सम्वन्धित नीतिनियम सवै मुलुक प्रति समान नीति लागू गरी खुला आयात नीति अवलम्बन गरियो। आम जनता पनि सरकारका यस्ता नीतिबाट निकै खुसी रहे।

ओ.जी.एल. प्रथाले छिटोछिटो आयात निर्यात हुन थालेकोले सामान सस्तो पनि हुँदै गएको थियो। दैनिक उपभोग्य वस्तुको कमी नहुने, कालो वजार नहुने र सामान सस्तो भएको अनुभूत भएकको थियो। निर्धारित आवश्यकता अनुसार मात्र आयात गर्ने प्रथा विकास भयो। यस्ले ब्यापार घाटाको सुधार गर्नै पर्ने महसुस गरियो। ब्यापारी पनि सक्षम, सजग, सचेत भए। नेपाली ब्यापारी विस्व वजार र त्यसको मूल्यसंग परिचित हुँदै गए। उपभोक्ता, व्यापारी र सरकारले पनि गुणस्तरको कुरो वुझ्न थाले।

नेपाल आउने भारतीय थोत्रा वस्तु गुणस्तर विहीन, विग्रेका र भारतमै वजार नपाउने वस्तु नेपालमा बेच्ने गरिन्छ भन्ने कुराको लगत लिन थालियो। भारतका काम नलग्ने कमसल वस्तु थुपार्ने थलो नेपाललाई बनाउनु भएन भन्ने जन आवाज बढ्दै गयो। अन्तर्राष्ट्रिय बजारलाई नेपालमा खुला राख्नु अगाडि नेपालमा चाहीने र नचाहिने वस्तु र परिमाण निकाल्न थालियो। त्यस अनुसार एक हप्तामा केवल रक्सौल नाकाबाट मात्रै ल्वाङ र सुपारी २६ ट्रक अर्थात् ४८७ बोरा ल्वाङ र ३७८टन सुपारी भित्र्याईएको अभिलेख राखियो[ढढ]। त्यस्तै खैनी, जर्दा, पानको पात, सुर्ति, गुट्खा जस्ता वस्तुमा ४/५ ट्रक भित्रिएको थियो। राज्यले त्यस्ता बस्तुलाई पनि अतिरिक्त महसुल छुट गरिरहेको थियो। यी कुराबाट भारतसितको असन्तुलित ब्यापारलाई सन्तुलित गर्न सकिन्छ भन्ने आँट सरकार र जनता दुबैमा बढेको थियो। देशलाई आवस्यक हुने र नहुने सूची बनाउन थालिएको थियो।

भारतले उत्पन्न गराएको नाकाबन्दीबाट उत्पन्न समस्याप्रति प्राप्त विभिन्न सहानुभुति र सहयोगलाई नियाल्दा नेपालले सबै छिमेक र विश्वभर सद्व्यवहार गरेर मित्रवत ब्यवहार गरेको तर भारतको अन्याय असामन्य भएको पुष्टि भएको थियो। भारतको अभद्र कदमले नेपालप्रति विस्वभरका मुलुकको सहनुभूति एकत्रित भएर बढेको थियो। अरूको त कुरै छाडौ भारतीय जनताको सहानुभूति पनि नेपाल तिर नै थियो। भारतीय जनताले त अत्यावस्यक औषधी, वाल आहार, पेट्रोलिय पदार्थ जस्ता बस्तु पनि लुकि छिपी नेपाल भित्र्याइदिएका थिए। केही भारतीय सीमावर्ती व्यापारीले पैसा कमाउने मौका छोपेको भए पनि जनता–जनता विचको नेपालप्रतिको सहयोग र सहानुभूति टड्कारोरूपमा देखिन्थ्यो।

बंगलादेशले पेट्रोलिय पदार्थ र चिनी नेपालले चाहे जति उपलव्ध गराउन मञ्जुर गरेको थियो। नेपालले यी बस्तुलाई हवाई जहाजवाट ओसारेर नेपाल ल्याएको थियो। चीनले ल्हासाको स्थल मार्गबाट पेट्रोलिय पदार्थ समेत उपलव्ध गराई दिएको थियो। औषधी, वालआहार जस्ता अत्यावस्यक वस्तुहरू युरोप अमेरिकावाट समेत हवाई जहाजबाट धमाधम ओसारिएको थियो। त्यसले गर्दा नेपालले व्यापार विविधीकरण गर्ने अवसर पायो।

त्यो साल अन्तरराष्ट्रिय अनुसन्धानमा उत्साहवर्धक प्रगति भएको थियो। नेपालको शान्तिक्षेत्रको प्रश्तावलाई विश्वभरीका (११६देश) मुलुकले व्यापक सर्मथन गरेर भारतलाई डिच्च्याई दिएका थिए। यस क्षेत्रका विद्धानले नेपालको प्रस्तावलाई उच्चकोटीको मानेका थिए। शान्ति तथा निशस्त्रीकरण सम्वन्धी एसिया क्षेत्रकालागि स.रा.सं.को क्षेत्रीय केन्द्रको स्थापना नेपालमा भएको थियो। यसै प्रसंगमा लागूपदार्थ दुर्व्यसन विरूद्ध अभियान आधारभूत आवस्यकता परिपूर्ति, आतङ्कवाद उन्मुलन तथा खाद्यभण्डार व्यवस्था सम्वन्धी कुरा पनि विशेष उल्लेखनीय हुन पुगेका थिए। तिनको दिगो सकारात्मक प्रभाव छ।

नाकावन्दिपछि सही जानकारी लिन धेरै विदेशी पत्रकार नेपाल आएका थिए। तिनीहरूले अवस्थाको विवेचना गररे यथार्थता अन्तर्राष्ट्रियरूपमा फैलाईदिएका थिए। यसवाट नेपालको पक्षमा जनमत वढाउन सजिलो पनि भएको थियो। भारतीय पत्रपत्रिकाले विश्व जनमतलाई दबाउन झुटो कुरा लेखेर ब्यापक प्रचार गरिरहेका थिए। भारतले नेपाललाई पेट्रोल रोकेके छैन भनेर झुटो कुरा लेखिरहेका थिए। नेपाली सञ्चारले भने राम्ररी प्रतिकार गर्न सकेनन्, अनि भारतले नेपालको सञ्चार जगतलाई प्रभावित गर्न थाल्यो। गरीब बनाई राखे आदेशपालक बनाउन सकिन्छ भन्ने अग्रेजले सिकाएको दर्शन भारतले लागू गरिरहेको थियो, छ।

यस नाकाले नेपालको अर्थतन्त्रलाई निकै नाजुक बनाएका कुरा महशुस गरेर अष्ट्रेलियाले निरन्तर चासो राखि राख्यो। धेरै कुरामा आश्वस्त पारेको थियो। उसले यो अन्तर्राष्ट्रिय कानून विपरीत पनि छ भनेको थियो। किनकि पारवहन नेपालको अधिकारको कुरा हो।

राष्ट्रमण्डलको सम्मानित सदस्य भारतले सार्वभौम सम्पन्न स्वतन्त्र भूपरिवेष्ठित देश नेपाललाई गरेको व्यवहार पक्षपातपूर्ण छ भनी बेलायतको हाउस अफ कमनले चिन्ता व्यक्त गरेको थियो। उसले नेपालसंग १७६ बर्ष पुरानो सम्वन्ध भएकोले पारबहन सन्धी नभएका वखत अ.सौ. राष्ट्र (एम.एफ.एन) अनुसार हुनु पर्ने सो सन्धिको आसय हो भनेर अडान पनि लिएको थियो।



## प्रेम सिंह बस्न्यातद्वारा खुलासा

## चन्द्रशमशेरले बुझेको चिनियाँ तक्मा

चिनियाँ तक्माको अर्थ बुझे पछि श्री ३ चन्द्रशमसेरलाई छट्पटी भएको घटना

- सन १७८९ को नेपाल - भोट युद्ध पछी नेपालबाट चीनको सम्राटलाई भेट घाट गर्न सौगात सहितको राजदूत टोली पठाइयो। हरी शाही टोली नेता थिए। त्यो टोलि फर्कने बेलामा चीनका बादशाह अर्थात सम्राटले श्री ५ रण बहादुरलाई 'अर्तिनिवाङ' र राज्य चलाई रहेका मुख्तियार राजकुमार बहादुर शाहलाई 'घुङ' नाम गरेको तक्मा पठाइएका थिए।

- श्री ५ राजेन्द्रले प्रधानमन्त्री माथबरसिंह थापालाई 'कला बहादुर' को खिताब अर्थात तक्मा दिएका थिए।

- श्री ५ सुरेन्द्रले लेफ्टिनेन्ट (पछी कमान्डर कर्नेल) सन सिंह टन्डनलाई भारतीय सिपाही बिद्रोहको लडाईंमा अती प्रशंसनीय काम गरेकोले 'बहादुर' को खिताब अर्थात तक्मा दिएको देखिन्छ।

- श्री ३ जङबहादुर राणाको पालाबाट भने बिदेसी तक्माहरू धेरै प्राप्त भएका थिए। ती मध्य जङ बहादुरकै बिशेष अनुरोधमा चीन बादशाहले उनलाई सन १८७१ मा 'थुङ लिङ पिम्पाको काङ वाङ स्याङ' तक्मा दिएका थिए। यो तक्मा जङ बहादुर पछिका सबै श्री ३ हरू (देव शमसेर बाहेक) श्री ३ चन्द्रसम्सेर सम्मले पाएका थिए।

- चन्द्रशमसेरको पालामा केही बिबाद भयो, भोट सँग। त्यही सिलसिलामा भोट को विवादमा अङ्ग्रेजले पनि नेपालको पक्ष लागेर चीन बादशाहलाई केही पत्राचार गरेकोमा चीनले ब्रिटिशलाई 'यो तिम्रो बिजनेस होइन' भनी जवाफ दिएको थियो। नेपाल चीनको मातहतको देश हो भन्यो। नेपाल स्वतन्त्र छैन भन्ने प्रमाणको लागि 'बेत्रावती को सन्धि, ५ - ५ बर्ष मा नेपालले चीन बादशह लाई पठाउने सौगात र त्यो थुङ लिङ पिम्पाको काङ वाङ स्याङको तक्मा' लाई देखायो। सबै प्रमाणले चीन नेपालको सार्बभौम भएको पाराले प्रमाण दियो। वास्तवमा त्यो तक्माको अर्थ 'चीनका मातहतमा रहेको देशको बजिर अर्थात प्रधानमन्त्रीलाई दिएको तक्मा' भन्ने रहेछ।

- अब श्री ३ चन्द्र खत्र्याक खुत्रुक्क परे। उनले त्यो तक्मा फाली हाल्न पनि सकेनन्, कुटनैतिक स्थितिको कारणले। तर उनी पछिका श्री ३ हरूले सो तक्मा लगाएको देखिन्न। यसरी अर्थ नबुझी लगाइएका चिनियाँ तक्माले नेपालको स्वाभिमान, सम्मानमा हानी पुगेको थियो।

नोटः इतिहास वर्तमान र भविष्यका लागि शिक्षा पनि हो। गौरव गर्ने विषयमा गौरव गर्नुपर्छ, गल्ती सच्याउने विषयमा सच्याउने हिम्मत पनि राख्नुपर्छ। इतिहास मेटेर मेटिन्न। इतिहासका पारखीहरू इतिहासलाई खोतलखातल पारेर सत्य सार्वजनिक गर्ने गर्छन्। यस्तै साधक हुन् डा. प्रेमसिंह बस्न्यात। मेहनतका लागि धन्यवाद।

## रातो समाचार : तातो समाचार, हेर्न बाँकी रह्यो विप्लवको चमत्कार




*आखिर थाके विप्लव। उनी पनि मिसन ०८४ भन्न थाले। हतियार उठाएर होइन, मतादेशको बदलामा समाज बदल्न सकिन्छ, सर्वहाराको शासन स्थापित गर्न सकिन्छ भन्ने विश्वासको धरातलमा उत्रिए उनी। उनले बनाएका जनसरकार के हुने हो ? उनले थुपारेका हतियार कहाँ उपयोग गर्ने हो ? मिसन ०८४ को निर्वाचनमा भनेजस्तो जनादेश आएन भने गर्ने के हो ? यतिखेर प्रश्न अनेक छन्। सवाल छन्, जवाफ छैनन्। जो हतियार उठाएर शक्तिशाली बन्ने सपनामा अभ्यस्त थिए, तिनलाई सपनाबाट जनतासम्म पुऱ्याउने कसरी हो। भ्रम चिरियो, जनादेशभन्दा पर कुनै शक्ति रहेनछ। हतियार पनि होइन रहेछ। शक्ति त जनता रहेछन्। राष्ट्र त जनता नै हो। यही बुझेर प्रचण्ड सत्तामा पुगे, जनतालाई बिर्सिए, सत्तामा पुग्न नसकेका बैद्यहरु कुना पसेका छन्। मोहनविक्रमको हाल त्यस्तै छ। अब विपल्वको चमत्कार हेर्न बाकी रह्यो।*






राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८०-८१
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ जेठ १५, May 28, 2024






# जन्जिर तोडौं, जनतालाई जोडौं

*धेरैलाई लागेको छ, देशमा ठूलो परिवर्तन हुँदैछ । घटनाक्रमले त्यस्तो संकेत देखिन्छ पनि । विश्लेषक भन्छन्- यी सबै ख्वाउने, खाने क्रममात्र हुन् । यी गणतन्त्रवादीहरूले झगडा गर्छन्, खतरा देख्नासाथ आफ्ना खाने ख्वाउने कुरामा मतो मिलाइहाल्छन् । जसरी ०६३ को आन्दोलन र त्यसपछि मतो मिलाउँदै आएका छन्, यिनीहरूले कसैलाई टेर्नेवाला छैनन् । जतिसुकै यिनका जघन्य अपराध छताछुल्ल किन नहोस्, यिनीहरू एकदोस्राप्रति आरोप प्रत्यारोप किन नगरून्, आफ्नो खान्की र बान्की सोचेर मिलिहाल्छन् । लोकतन्त्र भन्नेहरू जुनसुकै पार्टीका हुन् मौसेरा भाइ हुन् ।*

*मुख्य सवाल जनता सडकमा बिद्रोहमा उत्रनु हो । जनता कहाँ छन् र जो छन् पार्टीका कार्यकर्ता छन् । यिनले पार्टीका मुद्दा उठाउँछन्, देशका मुद्दा बिर्सन्छन् । जो आमनागरिक छन्, कहिले कहिले सडकमा उत्रन्छन्, अनि सेलाउँछन् । नागरिकता, पासपोर्ट, सहकारी, मिटरब्याजी, सरकारी जग्गा र सम्पत्ति हिनामिनाका अनेक मुद्दा छन् । बाजुरामा नुनका लागि जनता मारामार गरिरहेका छन् । कहाँ छ लोकतन्त्र ? यी कार्यकर्ताहरूलाई त राष्ट्रवाद र जनताको सवालमा कुनै मतलव नै देखिन्न । यथार्थमा गणतन्त्रले जनता पीडित भएका छन् । तर जो पीडित छन्, उनीहरू व्यक्ति केन्द्रित छन्, व्यक्तिको बिरोध गरिरहेका छन् । पद्धति नफेरी देशको बेहाल सुध्रिनेवाला छैन । यो पद्धतिमा जे जति निकाय छन्, सबै भ्रष्ट छन्, भ्रष्टाचार व्याप्त छ ।*

*सत्ता राजनीति प्रचण्ड, देउवा, केपी ओलीका वरिपरि घुमिरहेको छ । केही ससाना पार्टी सुशासन, संवैधानिक राजतन्त्र र हिन्दुराष्ट्रका मुद्दा उठाइरहेका छन् । तिनीहरूको आन्दोलन पनि पानीको फोकाजस्तै छ । नेता कार्यकर्तालाई भातभान्सा र शक्ति चाहिएको छ । पार्टीहरूको आआफ्नै स्वार्थ छ, आमनागरिक पीडित छन्, तिनलाई एक हुन लागे कि बिभाजित गर्ने अनेक कारण निकाल्छन् । स्थिति पार्टी निकटेहरू दानदातव्यमा बाँचिरहेका छन् भने आमनागरिक श्रीलंकाको राजापाक्षविरूद्धको जनविद्रोह गर्नु अवस्थामा पुगिसकेका छन् । भ्रष्टहरूको जालो, जन्जिर नतोडेसम्म यो गणतन्त्र नामको घिडघिडोले देश र जनतालाई घिटीघिटी पारिरहनेछ । यसकारण जनता सकृय हुनजरूरी छ । जनता निस्कृय रहेसम्म भ्रष्ट भाइरसले पिरोलिरहनेछ ।*

*जता पनि सेटिङ, जता पनि भागबण्डा । नेताहरूले लाभ पाएसम्म तिनले कार्यकर्तालाई आफ्नै स्वार्थमा परिचालन गरिरहने निश्चित छ । कायृकर्ता पनि आँखामा पट्टी बाँधेजस्ता । खानपिन पाएसम्म गलतलाई गलत भन्न नसक्ने । न्यायालयदेखि निजामती, संवैधानिक र सुरक्षा निकायसम्म सर्बत्र राजनीतिक प्रभाव । धेरैजसो जनताले एक एक पार्टी समातेकै छन् । हिजो राजतन्त्र भएका बेलामा यतिबिघ्न बेथिति थिएन । डर थियो । लोकलज्जा पनि थियो । आज लोकतन्त्रे नेताहरू नङ्गा नाचे हजार दाउ खेलिरहेका छन् । जनता आफैबिरूद्ध शोषण गर्ने र जनताको हक खोस्नेहरूको कार्यकर्ता बनिरहन हुन्न । जनतामा चेत छ, थाहा छ, अब बिद्रोही मानसिकता बिकसित गर्न जरूरी छ । अन्यथा आफ्नो पुस्ता त सखाप भयो भयो, आगामी पुस्ताले समेत नेपाली हुँ भन्न नपाउने अवस्था आउनसक्छ ।*

*भ्रष्टाचार गर्ने, मिलेर गर्ने । भ्रष्टाचार गरेको रकम तलतलसम्म छर्ने । नेताहरूको यो फर्मुला धेरै हदमा सफल छ । नक्कली नागरिकतामा अदालत पुगेका कैलाश सिरोहियाको पक्षमा मानिस धर्नामा बस्ने मुलुक हो यो । भ्रष्टाचारी कांग्रेसी नेतामात्र होइन, प्रचण्ड, पूर्व उपराष्ट्रपतिको सालिक बनाइने देश हो यो । नागरिकलाई सकेसम्म निकासी गर्ने, अनागरिक शरणार्थी बनाएर अमेरिका पठाउने देश हो यो । ज्यानमारा मुद्दा लागेकाहरू सत्तासीन हुने देश हो यो । बलात्कारी र भ्रष्ट जेलबाट छुट्दा, हत्यारा अपराधीले माफी पाउँदा फूलमाला अबिर जात्रा मात्र होइन, ब्याण्डबाजा नै ठोकेर खुशीयाली मनाउने देश हो यो । यस्ता अनेक घटनाको कति बेलिबिस्तार लगाउनु ?*

*फेरि पनि भनौं, जनता जगाऔं । नेता र जनतावीचको खानपिनको कडीलाई तोडौं । सामान्य रोडसोले परिवर्तन आउनेवाला छैन । जनताले विवेकशील बनेर बिद्रोहमा नउत्रेसम्म देशमा कुनै परिवर्तन सम्भव छैन । यतातिर मनन गरौं ।*

## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरूको कुरा ध्यान दिएर सुनौं,
- उनीहरूको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरूलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरूको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मिथ्या सूचनाको महामारी झन झन बढ्यो

***मिथ्या सूचनाको जालो झन झन बाक्लिदै गएको छ । मिथ्या सुचनाका कारणले राज्यसञ्जाल ग्रस्त छ, जसले गर्दा आमनागरिकमा समेत दुस्प्रभाव पर्दै गएको छ । यो जालोलाई तोड्ने कसरी ? यो विषय झन झन गम्भीर बन्दै गएको छ । कुन सूचना सही र कुन गलत छुट्याउन नसकिने हुनथालेको छ । देशमा घटेका अनेक भ्रष्टाचार र कनुनी प्रश्नहरूसमेत मिथ्या सूचनाका कारण जेलिदै गएका छन् । सही सूचनामाथि अन्याय बढी हुनथालेका छन् । सुशासनका लागि मिथ्या सूचना ठूलो चुनौती बन्दै गएको छ । यसका लागि हरेक क्षेत्र जिम्मेवार देखिन्छन् ।***




हिन्दु संस्कृतिको अनुपम धार्मिक, पौराणिक, ऐतिहासिक तथा दार्शनिक ग्रन्थ महाभारतको कथामा सूचनाको प्रभावबारे यसरी ब्याख्या गरिएको छ । कौरव र पाण्डववीच घनघोर युद्ध भइरहेको थियो । अस्त्रका अद्भूत क्षमतावान गुरू द्रोणाचार्य कौरवको पक्षमा हुन्जेल युद्धको अन्त्य हुँदैन, पाण्डवले युद्ध जित्न सक्ने छैनन् भन्ने बुझेका पाण्डव पक्षका भगवान श्रीकृष्णले धर्मराज युधिष्ठिरलाई भन्न लगाए- 'सत्यवादी' युधिष्ठिरले चिच्याएको कर्कश स्वरमा 'नरो वा कुंजरो वा अश्वत्थामा हतोहत' (मान्छे वा हात्ती कुन् हो, तर अस्वत्थामा मऱ्यो) । शंखध्वनी र युद्धको आवाजका कारण गुरू द्रोणाचार्यले अश्वस्थामा मरेको भन्ने मात्र सुने । धर्मराज युधिष्ठिरकै आवाजमा आफ्नो छोरो अश्वस्थामा मारिएको बुझेर द्रोणाचार्य मूर्छित हुनपुगे । यही मौका पारेर पाण्डव सेनाका धृष्ठधुम्नले द्रोणाचार्यको शिर छेदन गरिदिए । यसपछि पाण्डव सेनाले रणभूमि कब्जा गर्न सफल भए । अर्थात मिथ्या समाचार कति घातक हुन्छ भन्ने यो पौराणिक उदाहरण हो । जुन जान्न जरूरी छ ।

आधुनिक युगमा त राजनीतिक र कूटनीतिक बृत्तमा आआफ्ना मुलुकका स्वार्थका लागि सत्यभन्दा बढी अर्धसत्य, भ्रामक सूचना फैलाउने गरिन्छ । अत्यधिक प्रभावशाली बनिसकेको डिजिटल प्रविधिका कारण मिथ्या सूचना, भ्रमलाई अत्यधिक पहुँचमा पुऱ्याउने सहज अवस्था विकसित भइसकेको छ । मोवाइल, इन्टरनेटमा आधारित अनलाइन र सामाजिक सञ्जालको व्यापक उपयोगका कारणले भ्रमपूर्ण सूचना प्रसारणलाई प्रश्रय दिएको छ ।

यस्ता गलत सूचना प्रवाह पढ्ने मानिसहरूको विचारलाई दुषित पार्दै लगेको छ । मानिसको सोचलाई नियन्त्रित र निर्देशित समेत गर्दै गएको छ । जुन सभ्य र सत्य समाजका लागि दुर्भाग्य बन्दै गएको देखिन्छ ।

हात हातमा मोवाइल र इन्टरनेटको सहज उपलब्धता र व्यापकतासँगै सामाजिक सञ्जाल सूचनाको दिने शक्तिशाली माध्यम बनेको छ । हातहातमा मोबाइल र इन्टरनेटको सहज उपलब्धताले सामाजिक सञ्जालको प्रयोग पनि व्यापक छ । पछिल्लो तथ्याङ्कअनुसार विश्वमा ४ अर्ब ४८ करोड मानिस सामाजिक सञ्जालमा सकृय छन् । प्रयोग गरिरहेका छन् । यसको अर्थ विश्वको आधा व्यक्तिहरू सामाजिक सञ्जालमा भेटिन्छन् । गुगलले ४.६६ अरबभन्दा बढी 'इन्टरनेट प्रयोगकर्ताहरू भएको देखाउँछ । यसमध्ये गुगल, फेसबुक, युट्युब, ह्वाट्सएप, इन्स्टाग्राम, टिकटक र ट्विटर प्रयोगकर्ता रहेका छन् ।

सञ्जालहरूमार्फत जानकारी, विचार, रूचि र अभिव्यक्तिहरू सिर्जना वा साझेदारी गर्ने उद्देश्य सामाजिक सञ्जालको हो तर यसको भरपूर दुरूपयोग भइरहेको छ । हिजोआज त सामाजिक सञ्जाल समय र सिर्जना खोस्ने, भ्रम फैलाउने, सूचनामाथि हमला गर्ने साधन बनेको छ । फरक बिचारमाथि निषेध गर्ने, विषालु भावना फैलाउने अन्यायको साधन बनेको छ ।

## मिथ्या सूचना के हो ?

सेन्टर फर मिडिया रिसर्चले मिथ्या सूचनालाई 'मूलत: झूटो वा गलत वा भ्रमपूर्ण वा अनर्थ हुने गरी घटना, अभिव्यक्ति, तथ्याङ्क र तर्क प्रयोग वा व्याख्या गरेर समाचारका रूपमा प्रस्तुत आमसञ्चारका माध्यम वा इन्टरनेटका सामग्री' भनेर व्याख्या गरेको छ । कतिपय तथ्य समाचारभित्र झूठ मिसाएर भ्रमित पार्ने गरिन्छ । यो महामारी हो ।

***युनेस्कोले मिथ्या सूचनालाई 'मिसइन्फर्मेसन', 'डिसइन्फर्मेसन' र 'मालइन्फर्मेसन' भनेको छ ।***

गलतलाई सही ठानेर फैलाउने मिसइन्फर्मेसन हो । गलत सूचनालाई जानाजानी र नियतवश अरूलाई भ्रमित पार्नु 'डिसइन्फर्मेसन' हो । देश, व्यक्ति, कुनै संस्था वा समूहप्रति हानी पुऱ्याउने उद्देश्यको सूचना 'मालइन्फर्मेसन' हो ।

मिथ्या सूचनाको असर साह्रै घातक हुनेगर्छ । गलत सूचना सहीजस्तै लाग्छ, धेरैले त्यस्ता सूचनालाई शेयर गर्नेगर्छन् । यसकारण यसकारण गलत सूचनाको बाढी नै आएको छ । जुन घातक असर हुनेगर्छ । कयौं अनलाइन पोर्टलहरूले प्रायोजित रूपमा प्रयोग भइदिनुले नकारात्मक असर बढ्दै गएको छ ।

प्रायोजित गलत सूचनाबाट लाभ हुने पक्षले यस्ता समाचारलाई भाइरल बनाउने गर्छन् । मिथ्या समाचारले आन्तरिक एकता भाँडिने, हिंसा बढ्ने मात्र होइन, देश देशवीचको सम्बन्ध र नीतिमा समेत असर पार्ने गरेको छ । यो ठूलो चुनौती हो । युग डिजिटल, समाचार मिथ्या र भ्रामक, यससँग सचेत हुनजरूरी छ । लड्ने कसरी ? लोकतन्त्र बलियो बनाउन मिथ्या सूचनाबाट जोगिन नागरिक संचेतना जरूरी छ ।

मिथ्या सूचना फैलाउने र विश्वास गर्नेवीच समस्या धेरै छ । मिथ्या समाचारको पहिचान नै मुस्किल हुन्छ । नेपालजस्ता मुलुक जहाँ चेतना कमजोर छ, लोकतन्त्र मजबुत छैन, विदेशी प्रभाव बढी छ, मिथ्या सूचनाले पार्ने जोखिम पनि ठूलो छ । 'डिजिटल राइट्स'को चेतना पनि जगाउन जरूरी छ । सूचना एकिन नगरी लाइक, कमेन्ट, शेयर गर्नु खतरा बढाउनु हो ।

मिथ्या सूचना कानुनले भन्दा पनि चेतनाले नियन्त्रण गर्न सकिन्छ ।

विज्ञ भन्छन्- कुनै पनि सञ्चार माध्यम वा सामाजिक सञ्जाललाई आफ्ना विचार, भावना र अनुभव आदानप्रदान गर्न, नयाँ प्रविधि र सिकाइ प्राप्त गर्न, जनचेतना बढाउन र बृहत्तर हितमा उपयोग गर्ने बानी बसालौं । अन्यथा कानुनव्यवस्था प्रताडित हुनेछ ।

*- डा.विनिता*

